# संघीय संसद

# राष्ट्रिय सभा

# छैटौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ३२ जेठ २०७७

# आइतबार

# (बैठक सङ्ख्या–२२)

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा आइतबार बिहान ११:२० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेलाई "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु ।

**माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फे**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने

प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ५ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय बेदु राम भुसाल ।

**माननीय श्री बेदु राम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामीले एउटा ज्यादै ठुलो महत्वको विषयमा छलफल गर्न गइरहेका छौँ । नेपालको संविधानलाई दोस्रो पटक संशोधन गर्नका निम्ति संसदमा प्रस्तुत भएको र प्रतिनिधि सभाबाट हिजो मात्रै पारित भएर सन्देश सहित यस राष्ट्रिय सभामा प्रस्तुत भएको विधेयक दुई लाइनमा लेखिएको छ । तर यसको महत्व ज्यादै ठुलो छ भन्ने मलाई लाग्छ । यसले हाम्रो मुलुकको गुमेको एउटा हिस्सा हाम्रो नक्सामा सामेल गर्नका निम्ति नक्सामा सामेल गरेर जुन प्रकाशित भइसकेको छ त्यसलाई संविधानको अनुसूचीमा राख्नका निम्ति त्यो उद्देश्य राखेर जुन विधेयक प्रस्तुत भएको छ र प्रतिनिधि सभाबाट पारित भएर राष्ट्रिय सभा समक्ष प्रस्तुत भएको छ हामी त्यसमा छलफल गर्दैछौं । यसमा मलाई एउटा गौरव पनि लागेको छ कि यहाँ हामीले आजको दिनमा मातृभूमिको रक्षा गर्ने, हाम्रो माटोको रक्षा गर्ने हाम्रो विगतमा खासगरिकन पञ्चायती कालमा गुमेको अतिक्रमित भएको भू-भागलाई नेपालभित्र समेट्नको निम्ति एउटा संवैधानिक व्यवस्था गर्ने संवैधानिक प्रावधान गर्ने, स्थापित गर्ने उद्देश्यले जुन यो विधेयक आएको छ । यो ज्यादै महत्वपूर्ण विधेयकको रूपमा आएको छ र यसले विगतमा भएका कमजोरीहरूलाई सच्याउने खासगरिकन पञ्चायती कालमा त्यस बेलाका शासकहरूले के कारणले दिएका हुन भन्न सकिँदैन । यो अध्ययनको विषय हो, अध्ययनमा नै रहेको विषय छ । अध्ययन गर्दै जाउँला तर त्यस बेलामा जसरी गुमेको थियो विगतदेखि नै यो विषय गुमेको हाम्रो भूमि फिर्ता लिनुपर्छ भनेर विषय नउठेको होइन, कुरा नउठेको होइन । खासगरिकन २०१५ मा जब भारत र नेपालका बीचमा लिपुलेक क्षेत्रलाई आफ्नो द्विपक्षीय व्यापारको केन्द्र बिन्दु बनाउने गरी जुन समझदारी र सम्झौता भयो । त्यस बेला नेपालमा व्यापक रूपले त्यसको विरुद्धमा आवाजहरू उठेका थिए । ठुलो मात्रामा ठुलो सङ्ख्यामा हस्ताक्षरहरू भएका थिए । सरकारलाई बुझाइएको थियो र तत्कालको सरकारले एउटा विरोध पत्र भारतीय सरकारलाई बुझाएको पनि थियो । त्यसपछि पनि निरन्तर रूपमा त्यो भू-भागलाई कब्जा गरिएको क्षेत्रलाई आफ्नै कब्जामा राखिरहने काम निरन्तर रूपमा भयो । पछिल्लो कालमा आएर भारतले जब आफ्नो खालको नक्सा प्रकाशित गर्‍यो । खासगरिकन काश्मिरलाई आफ्नो क्षेत्रमा गाभेको, आफ्नो संविधानबाट त्यो काश्मिरको स्वतन्त्रतालाई मेटाउन गरी निर्णय भएपछि जारी गरिएको नक्सामा नेपालको भाग पनि भारततर्फ परेको भनेर नेपालले विरोध गर्‍यो, नेपाल सरकारले पनि विरोध गर्‍यो, नेपाली जनताले पनि विरोध गरे तर पनि सुनवाई भएन । त्यसपछि त्यस

क्षेत्रमा हाम्रो भू-भागभित्र पर्ने क्षेत्रमा बाटो बनाएर जब उद्घाटन गरियो त्यसपछि पनि फेरि निरन्तर रूपमा विरोध भइरहेको थियो र सरकारलाई खासगरिकन आम जनताको तर्फबाट र विभिन्न राजनीतिक दलहरूको तर्फबाट अझ विशेष गरेर नेकपाको तर्फबाट नेकपाको केन्द्रीय कमिटिले निर्णय नै गरेर यो भूमि फिर्ता गर्नको निम्ति नेपाल सरकाले पहल गर्नु पर्दछ र नक्सा हाम्रो भूमि हाम्रो नक्साभित्र सामेल गरेर नक्सा प्रकाशन गर्नु पर्दछ भनेर निर्णय गरिसकेपछि यो पार्टीको निर्णय अनुसार नै सरकारले आफ्नो कदमहरू अगाडि बढायो र पछिल्लो समयमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दाखेरि सरकारले जसरी यो विषयलाई नीति तथा कार्यक्रममा समावेश गरेर अहिले अगाडि बढाएर नक्सा प्रकाशन भयो र नक्सा प्रकाशन भइसकेपछि तद्नुरूप संविधानमा संशोधन गर्नको लागि जुन यो विधेयक प्रस्तुत भएको छ यो धेरै स्वागतयोग्य छ, यो मैले फेरि दोहोर्‍याएर भन्न चाहन्छु । मातृभूमिको रक्षा गर्नका निम्ति, हाम्रो माटोको रक्षा गर्नको निम्ति जुन विधेयक सरकारबाट आएको छ यसका निम्ति सरकारलाई धन्यवाद दिनु पर्दछ र हिजो मात्रै संविधान यो विधेयकलाई पारित गर्ने सन्दर्भमा प्रतिनिधि सभामा जुन खालको एकता प्रदर्शन भएको छ त्यो एकताका निम्ति उच्च सम्मान गर्नु पर्दछ, सह्राहना गर्नु पर्दछ भन्ने म ठान्दछु र मलाई के लाग्छ भने यो सभामा पनि निश्चय नै हामीले त्यो एकता प्रदर्शन गर्ने छौँ र हामीले एकताबद्ध भएर यो विधेयकलाई यहाँबाट पनि पारित गर्ने छौँ र यो विधेयक पारित गर्नु हाम्रो भूमि फर्काउने एउटा प्रारम्भ बिन्दु हुनेछ र यो विधेयकलाई पास गरिसकेपछि हाम्रो संविधानमा, हाम्रो संविधानको अनुसूचीमा यो नक्सा राखिसकेपछि निश्चय नै हामी फेरि यो हाम्रो भूमि फिर्ता गर्नका निम्ति हाम्रो भूमि नै हाम्रो नियन्त्रणमा ल्याउनको निम्ति सिङ्गो देश एकताबद्ध भएर अगाडि बढ्ने छ । यो मुलुकका सम्पूर्ण राजनीतिक दलहरू एकताबद्ध भएर अगाडि हामी बढ्ने छौँ र यो भूमि फिर्ता गरी छाड्ने छौँ भन्ने प्रतिबद्धताका साथ बिदा हुन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय अनिता देवकोटा ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, लिम्पियाधुरा, लिपुलेक र कालापानीको भू-भाग समावेश गरेर नेपालको संविधानको धारा ९ उपधारा (२) सँग सम्बन्धित अनुसूची-३ मा रहेको संशोधन संघीय संसद प्रतिनिधि सभाबाट सर्वसम्मत राष्ट्रिय सहमतिका साथ पारित भई राष्ट्रिय सभामा प्रस्तुत भएको यो ऐतिहासिक क्षणमा हामी उभिएका छौँ । कालापानी लिपुलेक, लिम्पियाधुरा नेपालको अभिभाज्य भूमि हो । नेपालको राष्ट्रियता नेपालको सार्वभौमिकता, राष्ट्रिय अखण्डताका लागि नेपाली काँग्रेस सदैव दृढ छ । त्यसैले संविधानमा रहेको निशान छाप संशोधनका लागि नेपाली काँग्रेसले संस्थागत निर्णय गरेर नेपाली काँग्रेसको केन्द्रीय समितिले संस्थागत निर्णय गरी संसदीय दलले निर्णय गरिसकेको अवस्थामा म अन्तस्करणबाट सगौरवका साथ यस प्रस्तावको पूर्ण समर्थन गर्न चाहन्छु । सम्माननीय अध्यक्षज्यू, लिपु भञ्ज्याङ सन् २०१५ सालमा लिपु

भञ्ज्याङलाई भारत र चीनले व्यापारिक नाकाका रूपमा प्रयोग गर्ने निर्णय गरे । तत्कालीन प्रधानमन्त्री सुशिल कोइरालाले प्रोटेष्ट नोट लेखेर पठाउनु भएको कुरा म यस सम्मानित सभामा स्मरण गराउन चाहन्छु । सम्माननीय अध्यक्षज्यू, लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपालको भूमि हो भन्ने यथेष्ट प्रमाणहरू छन् । १८१६ को सुगौली सन्धि, २०१८ को जनगणना त्यसैगरेर २०१५ मा त्यहाँका जनताले त्यो भेगका जनताले गरेको मतदान त्यसैगरि त्यो भेगको जनताले तिरो तिरेको रसिदबाट पनि लिपुलेक, कालापानी र लिम्पियाधुरा नेपालको हो भन्ने कुरा प्रष्ट छ । त्यसैले म भन्न चाहन्छु सम्माननीय अध्यक्षज्यू, राष्ट्रियताका सवालमा कुनै मुलुक सानो हुन सक्छ भुगोलमा, कुनै मुलुक ठुलो हुन सक्छ । विकासका दृष्टिकोणमा पनि कुनै मुलुक अगाडि हुन सक्छ, कुनै मुलुक पछाडि हुन सक्छ । कुनै मुलुक धनी र गरिब हुन सक्छ । राष्ट्रियताका सवालमा कमजोर हुन सक्दैन । त्यसैले म सम्मानित सभाका माध्यमबाट यो ऐतिहासिक क्षणमा यतिखेर यो लिम्पियाधुरा, कालापानी, लिपुलेक नेपालको भूमि हो । यो नक्सामा सार्वजनिक गरेको छ, सार्वजनिक भइसकेको नक्सा अब हामी संविधानमा रहेको निशान छाप संशोधनका माध्यमबाट हामीले गुमेको त्यो भूमिलाई प्राप्त गर्नको लागि राजनीतिक र कुटनीतिक आधारबाट अगाडि बढ्नु पर्छ भन्ने मलाई लागेको छ । म यतिखेर सम्झन चाहन्छु, महामानव वि.पी. कोइरालाले राष्ट्रियताका सवालमा हामी जहाँ रह्यौँ, जनताको सामुहिक भावना त्यही हो राष्ट्रियता त्यसैले हाम्रो संस्थापक नेताले राष्ट्रियतालाई सर्वोपरी मानेको बेला हामीले अहिले जननी जन्म भूमिश्च स्वर्गादपि गरियसी त्यसैले आफ्नो भूमिलाई फिर्ता ल्याउनको लागि यो साझा सहमति हो, राष्ट्रिय एकता संरक्षण भएको अद्भूत क्षण हो, ऐतिहासिक क्षण हो । यस अवसरमा यसलाई, यो तागतलाई सरकारले प्रयोग गरेर राजनीतिक र कुटनीतिक तवरले नक्सा सार्वजनिक भएको छ । संविधानमा संशोधन भएको छ । अब भूमि फिर्ता गर्ने कुरामा पनि अभिलम्ब यो तागतबाट सरकार अगाडि बढोस भन्ने सुभेच्छाका साथ बिदा हुन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्षः**- माननीय देवेन्द्र दाहाल ।

**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्षज्यू, आज हामी एउटा गौरवबोधका साथ यहाँ बोल्न गइरहेका छौँ । लिपुलेक, लिम्पियाधुरा र कालापानी समेटिएको नेपालको पुरानो नक्सा हाम्रो नेपालको संविधानको अनुसूची-३ मा राख्ने गरी प्रतिनिधि सभाको सन्देश सहितको संशोधन प्रस्ताव सहितको विधेयक हाम्रो सदनमा आएको छ र यो विधेयकको सन्दर्भमा हामी छलफलमा भाग लिइरहेका छौँ । राष्ट्रियताको सवालमा नेपालीहरू कसरी एकजुट हुन्छन् भन्ने यो एउटा उदाहरणको रूपमा प्रतिनिधि सभामा अभिव्यक्त भइसकेको छ । त्यसकारण यो हाम्रो राष्ट्रिय सभामा पनि यो स्वभाविक रूपले एकता प्रदर्शन हुने नै छ । हुने सङ्केत लगभग देखा परिसकेको छ । जब प्रतिनिधि सभाबाट यो प्रस्ताव सर्वसम्मतिले पारित भयो यस कुराले

हिजैदेखि हाम्रो मुलुकमा देशव्यापी उत्साहको वातावरण बनेको छ । यस सभामा आम नेपाली जनताको प्रतिनिधित्व गर्ने राजनीतिक दलहरू एकै ठाउँमा आएर समर्थन गरी सर्वसम्मतिले पारित गर्ने विषय आफैमा एउटा गौरवपूर्ण र ऐतिहासिक परिघटना हो भन्ने मलाई लाग्छ ।

सम्माननीय अध्यक्षज्यू, अहिले देशमा जुन अभूतपूर्ण एकता देखिको छ यस कुराले उक्त भूमिबाट भारतीय सेना फिर्ता गर्न र नेपाली भूमि समेत फिर्ता ल्याउनको लागि ठुलो बल प्रदान गर्नेछ भन्ने मलाई लागेको छ । हामीलाई विश्वास छ हामीले सफलता प्राप्त गर्नेछौँ । उहिले-उहिले नेपालमा भौगोलिक नक्सा नेपालमा छापिँदैनथ्यो । यस्तो अवस्थामा भारतीयहरूले त्यहाँका शासकहरूको इसारामा चलाखीपूर्ण ढङ्गले नक्सामा चुच्चो हटाउने काम गऱ्यो । यसरी २०३२ सालसम्म नक्सामा रहेको चुच्चो एकाएक गायव भयो । भारतीय सेनाहरू तत्कालीन राजा महेन्द्रसँग समझदारी गरी सिल्टरको रूपमा त्यहाँ बसेकै थिए । वास्तवमा त्यो हाम्रै भूमि थियो । यसरी भारतीयहरूले कब्जा गरेका हुन् । तर यस्तो गम्भीर विषयमा हाम्रो निशाना चिह्नबाट नक्साको लिपुलेक, लिम्पियाधुरा र कालापानी समेटेको भाग कसरी हट्यो ? यो आश्चर्यको विषय भएको छ, यसको खोजी गरिनु पर्दछ । हाम्रो बीचमा भएको एउटा राष्ट्रिय एकताले यो खोज्न सजिलो भएको छ भन्ने मलाई लाग्छ । त्यसलाई खोजी कसरी गर्ने ? खोजी गर्ने आधारको रूपमा हाम्रा पुराना दस्तावेजहरू त हामीसँग छँदै छन् नि, ती हाम्रा बलिया आधार हुन् । ती धेरै आधारहरूको बारेमा यहाँ धेरै चर्चा गर्न सम्भव पनि छैन अहिले समय पनि छैन तर हामीसँग त्यस्ता आधारहरू थुप्रै छन् । हामीले भूगोल त claim त गरिसकेकै छौँ । यो भूगोल कस्को हो भनेर हामीले कसरी पत्ता लगाउने ? हामीसँग अरु उपायहरू हुन सक्छन् । जस्तैः सम्पदाको आधारमा, यसमा सम्पदा भन्नाले प्राकृतिक सम्पदा, खोला नाला, जडिबुटी, वनस्पति आदि पर्दछन् । ज्ञान सम्पदा संस्कार, परम्परा आदि पर्दछन् र मानव निर्मित सम्पदा मठ मन्दिर आदि पर्दछन् । यसको उपभोग यी विभिन्न सम्पदाहरूलाई मानव जीवनमा उपभोग गर्ने प्राचीन पद्धतिलाई अध्ययन गरेर पनि हामी भूगोल कस्को हो भनेर पत्ता लगाउन सक्छौँ । हाम्रा परम्पराहरू छन् आफ्नै खालका नेपाली परम्पराहरू छन् ती परम्पराहरूलाई ती प्राकृत परम्पराहरू भए । हाम्रो जीवनमा तिनीहरूलाई कसरी उपयोग गरिएको छ त्यसबाट पनि पत्ता लाग्न सक्छ ।

त्यसकारण हामीले अध्ययन टोलीहरू निर्माण गरेर यस्ता कुराहरू पत्ता लगाउँदै जानु पर्छ । साँच्चै खोज्नु पर्दा हामी यसरी खोज्न सक्छौँ यी माथिका आधारहरू पनि त्यो भूमि नेपालको हो भन्ने कुरा प्रमाणित हुन्छ र विभिन्न आधारहरूबाट हामीले त्यो भूमिलाई हाम्रो हो कि होइन भनेर हामी जाँच्न सक्छौँ । त्यसकारणले गर्दाखेरि हामीले त्यो जाँच्नुको आवश्यकता पनि छैन । किनभने यो भूमि हाम्रो हो भन्ने कुरो धेरै प्रमाणहरूले देखाइसकेको छ । प्रतिनिधि सभाबाट नेपालको नक्सा सच्चाउने प्रस्ताव सर्वसम्मतिबाट पारित भइसकेपछि भारतीयहरूले यो मान्य नहुने भनेर प्रारम्भिक प्रतिक्रिया दिएका छन् । यो स्वभाविक नै हो । उनीहरूले यसो नगर्ने हो भने त हामीले यी सबै गर्नु पर्ने पनि थिएन होला । त्यसकारण यो नेपाल संसारलाई नै सुनाउनका लागि गरिएको हुन सक्छ । अब हामीले पनि नक्सा मात्र होइन भूमि नै फिर्ता ल्याउनको लागि अझै बलियो राष्ट्रिय एकता

कायम गर्नै पर्ने भएको छ । सम्माननीय अध्यक्षज्यू, अब हामी जुन विषयमा छलफल गर्दै छौँ । यो हाम्रो राष्ट्रिययतासँग जोडिएको नसा-नसासँग जोडिएको सावल हो । यो विषयमा कुरा राखिरहँदा एकातिर गौरवको अनुभूति गरेको छ भने अर्कोतिर यसलाई कार्यान्वयन गराउने गम्भीर अभिभारा थपिएको पनि महशुस भएको छ । यसलाई सर्वसम्मतिले पारित गर्दै हाम्रो राष्ट्रियता, भौगोलिक अखण्डता र मुलुकको सार्वभौमिकताको लागि हामी सबै एकै ठाउँमा उभिएर दर्विलो एकता प्रदर्शन गर्नेछौँ भन्दै म यो प्रस्तावका पक्षमा सगौरव आफ्नो अभिमत जाहेर गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय ठगेन्द्र प्रकाश पुरी ।

**माननीय श्री ठगेन्द्र प्रकाश पुरी (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्षज्यू, नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयक सम्मानित प्रतिनिधि सभाद्वारा सर्वसम्मत रूपमा पारित भई हाम्रो यस सम्मानित सदनमा पेश भएको छ । यस सम्बन्धी संक्षिप्त केही सैद्धान्तिक सवाल प्रस्तुत गर्न अनुमतिका लागि सम्माननीय अध्यक्षज्यूमा अनुरोध गर्न चाहन्छु । अध्यक्षज्यू, हाम्रो संविधान, राष्ट्रियता हामीले अपनाएको राजनीतिक व्यवस्था र आर्थिक समुन्नतिको दस्तावेज हो । र अहिले हामी समक्ष जुन विधेयक आएको छ, यो विधेयकको सम्बन्ध हाम्रो राष्ट्रियतासँग गाँसिएको छ । र राष्ट्रियता देशको माटो र जनताको आत्म हो र हाम्रो माटोमाथि कुनै पनि प्रकारको अतिक्रमण हामी जनतालाई स्वीकार्य हुँदैन । र जनताको मन मस्तिष्क र आत्ममा त्यस प्रकारको क्रियाकलापले चोट पुऱ्याउँछ । जब हाम्रो नेपाली भूमिमाथि विभिन्न समयमा जुन प्रकारका अतिक्रमणहरू देखा परेका छन् । ती अतिक्रमणका विरुद्ध वर्तमान सरकारले जुन एउटा पहल कदमी चाल्यो र त्यो पहल कदमीका पहल कदमीका स्वरूप लिपुलेक, लिम्पियाधुरा र कालापानी समेतलाई समेटेर नेपालको नक्सा प्रकाशित भयो र हाम्रो संविधानको धारा ९ को उपधारा (२) को अनुसूची-३ मा नेपालको निशान छापको व्यवस्था गरिएको छ र त्यो निशान छापमा रहेको नेपालको नक्सालाई अहिले नेपालको राष्ट्रियता, नेपाली जनताको आत्मालाई बोक्ने गरेर जुन नेपाल सरकारले नक्सा प्रकाशन गऱ्यो । त्यो प्रकाशित नक्सालाई त्यो निशान छापमा एउटा संवैधानिक रूपले अगाडि बढाउनको निम्ति यो विधेयक आयो र त्यसकारण यो विधेयकले हाम्रो राष्ट्रियता, हाम्रो अन्तरआत्म र हाम्रो मुटुको ढुकढुकीलाई बोकेको छ । त्यसकारण नेपाल सरकारले नेपाली जनताको स्वाभिमानलाई उच्च राख्नको लागि र राष्ट्रियताको संरक्षणको लागि जुन यो विधेयक प्रस्तुत गरेको छ म यो विधेयकको हार्दिक स्वागत गर्न चाहन्छु, सम्मान गर्न चाहन्छु र समर्थन गर्न चाहन्छु । सम्माननीय अध्यक्षज्यू, यो राष्ट्रियताको सवालमा लिपुलेक, लिम्पियाधुरा र कालापानी मात्रै होइन । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म धेरै ठाउँमा यस्ता सीमाका सम्बन्धमा विभिन्न विवादित कुराहरू रहेका छन् र यी विवादित कुराहरूलाई नेपाल सरकारले आपसी एउटा कुटनीतिक संवादका माध्यमबाट यसको समाधान गर्ने कुरा हामीले

विश्वास गरेका छौँ र एउटा सफलताको पहिलो चरणको स्वरूप नेपाल सरकारले यो जुन नक्सा प्रकाशन गरेको छ यो नेपालको नक्सा प्रकाशनले हाम्रो गौरवलाई माथि उठाएको छ, हाम्रो शाहसलाई बढाएको छ । म पूर्ण यो विधेयकको स्वागत गर्दै यसलाई एउटा प्रक्रियागत ढङ्गले हामी प्रतिनिधि सभाले जसरी नै एउटा सर्वसम्मत ढङ्गले पारित गर्ने एउटा अठोट र विश्वास बोक्दै आफ्नो भनाइ टुङ्ग्याउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय जितेन्द्र नारायण देव ।

**माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी नेपालको राजनीतिक इतिहासमा राष्ट्रिय अखण्डताको अत्यन्त गम्भीर र संवेदनशील विषयमा छलफल गरिराखेका छौँ । यो सन्दर्भलाई यो विषयमा बोलिराख्दा म साँच्चिकै आज अत्यन्त अलिकति गम्भीर पनि भएको छु, अलिकति भावुक पनि भएको छु । यो सन्दर्भलाई अहिलेको सन्दर्भलाई बुझ्नको लागि मैले दुई वटा किताबलाई रेकर्डको लागि म स्मरण गर्न चाहन्छु । सन् १९४८ मा फ्रान्स मर्चेन थाओद्वारा लिखित politics among the nations त्यो किताबले हामी जस्तो देशको लागि सानो देशको लागि सामाजिक र आर्थिक दृष्टिकोणले कमजोर देशको लागि कस्तो विदेश नीति चाहिन्छ भन्ने कुरा बुझ्नको लागि त्यो किताब सान्दर्भिक छ र सँगसँगै दुनियाँमा अत्यन्त प्रसिद्ध लेनिनले लेखेको त्यो किताब left-wing communism an infantile disorder उग्रबामपन्थी साम्यवाद एउटा बाल रोग । यो दुई वटा किताबको सन्दर्भ आज अत्यन्त महत्वपूर्ण छ भन्ने मैले यो उल्लेख गरे । निश्चित रूपमा लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको भू-भाग हो । हामी नेपालीहरूको भू-भाग हो । हाम्रो राष्ट्रिय अखण्डताभित्रको भू-भाग हो । हाम्रो तथ्यले प्रमाणले इतिहासले यो कुरा बताइराखेको छ । हाम्रो पार्टी नेपाली काँग्रेसले पार्टीको केन्द्रीय कार्य समितिले संसदीय दलले प्रस्तावको पक्षमा अहिले जुन प्रस्ताव छ त्यो प्रस्तावको पक्षमा जाने सर्वसम्मत निर्णय गरिसकेको छ । म एउटा नेपाली काँग्रेसको सिपाहीको नाताले प्रस्तावको पक्षमा दृढतासाथ उभिनेछु मतदान गर्नेछु भन्ने कुरामा कुनै अन्यथा अवस्था रहँदैन । तथापि म एउटा नेपाली राजनीतिको एउटा विद्यार्थी भएको नाताले म के कुरा भन्न चाहन्छु भने कम्युनिष्ट साहित्यमा रणनीति र कार्यनीति भनेको दुई वटा महत्वपूर्ण शब्दावली हुन्छ । रणनीतिलाई प्राप्त गर्नको निम्ति कस्तो कार्यनीति हामीले अपनाउने भन्ने कुरा अत्यन्त महत्वपूर्ण हुन्छ । यदि रणनीति ठिक छ तर कार्यनीति हामीले गल्ती गऱ्यो भने कार्यनीति अपनाउन, गलत कार्यनीति अपनायौँ भने रणनीतिमा हामी पुग्न सक्दैनौँ ।

त्यसकारण सम्माननीय अध्यक्ष महोदय, कताकता मलाई के लागिराखेको छ भन्दाखेरि त्यो दुई वटा अघिको किताबको सन्दर्भलाई सम्झँदाखेरि जुन बाटो हामीले अहिले अपनाइराखेका छौँ । त्यो बाटोले हाम्रो रणनीतिलाई टाढा पुऱ्याउँछ कि, हाम्रो रणनीतिलाई

अझ टाढा-टाढासम्म पुऱ्याएर कहीँ समग्र पूरै त्यो हिस्सा प्राप्त नहुने स्थिति सिर्जना हुन्छ कि भन्ने मलाई अलिअलि शङ्का अलिअलि डर मलाई लागिराखेको छ । बाटोको हकमा मात्रै, रणनीतिको हकमा होइन, विषयवस्तुको हकमा होइन । जसरी बङ्गलादेश र श्रीलङ्काले शान्त कुटनीतिको माध्यमद्वारा लामो समय लगाएर आफ्नो जल सीमालाई र थल सीमालाई श्रीलङ्काले जल सीमालाई र बङ्गलादेशले थल सीमालाई जसरी सम्पन्न गऱ्यो । एउटा इज्जत साथ सम्मानजनक ढङ्गले आफ्नो भूमि प्राप्त गरिसक्यो । त्यो हिसाबले जानु अलि ठिक थियो कि भन्ने मेरो यो रेकर्ड गर्न खोजेको कुरा मात्रै हो । तथापि यस कुरामा कुनै दुई मत छैन । त्यो भू-भाग लिम्पियाधुरा, लिपुलेक, कालापानी नेपालको हो । नेपालीहरूले लिई छाड्नु पर्छ त्यो शान्त कुटनीतिको माध्यमद्वारा डाइनोफ, वार्ता र conversation को माध्यमद्वारा हामीले लिनु पर्दछ त्यो कुरा दृढतासाथ म पनि उभिएको छु र हाम्रो पार्टीले जुन दृढतासाथ प्रस्तावको पक्षमा जाने भन्ने कुरा गरेको छ म पनि त्यसको पक्षमा दृढतासाथ रहने छु, मतदान गर्नेछु भन्ने कुरा समेत म चाहिँ यहाँ राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय दिल कुमारी रावल थापा (पार्वती) ।

**<u>माननीय दिल कुमारी रावल थापा (पार्वती) (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)</u>**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले संविधानको धारा ९, उपधारा (२) बमोजिम अनुसूची-३ को नेपालको निशान छापमा हाल नेपाल सरकाले जारी गरेको नयाँ नक्सा अनुसार हुने गरी नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ ल्याएको छ । यो ऐतिहासिक र महत्वपूर्ण कार्यको निम्ति नेपाल सरकार, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्बन्धित मन्त्रीज्यूप्रति आभार सहित हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । नेपाल सरकारद्वारा प्रस्तुत यो विधेयकको स्वागत र पूर्ण समर्थन गर्दछु । स्वाधीन र गौरवपूर्ण वीरताको इतिहास निर्माण गरेको वीर नेपालीका कारण नेपाल कहिल्यै कसैको पराधीन र उपनिवेश बन्नु परेन, रहनु परेन । आफ्नै वीरतापूर्ण गौरव र पौरखका कारण गर्विलो इतिहास निर्माण गरेको वीर नेपालीका सन्तान हामी पुर्खाहरूको इमान र पौरखका कारण हाम्रो स्वाभिमान सर्वोच्च शिखर सगरमाथा जस्तै उच्च छ, रही रहनेछ भन्नेमा म पूर्ण विश्वस्त छु । पूर्वमा टिष्टा र पश्चिममा काँगडासम्म फैलिएको नेपाली भूमि सन् १८१६ मा भएको सुगौली सन्धिले नेपाली भूमिलाई खुम्च्यायो । सोही सन्धिका आधारमा पनि नेपालको पश्चिम सीमाना महाकाली नदी पूर्वको भू-भाग नेपालको हो भनी ऐतिहासिक तथ्य र प्रमाण रहँदा रहँदै पनि छिमेकी देश भारतको हेपाहा र मिचाहा व्यवहार र प्रवृत्तिले नेपाली भूमि कालापानी लिपुलेक, लिम्पियाधुरा भारतद्वारा अतिक्रमित गरियो । विभिन्न समयमा नेपाल सरकाले आफ्नो अतिक्रमित भूमि फिर्ता ल्याउन सालिनता र मित्रतापूर्वक गरिएको आग्रह र अनुरोधलाई अस्वीकार गर्दै उक्त नेपाली भूमिमा भारतीय सेना राख्ने स्थायी संरचना बनाउने कार्य गरेर नेपाली स्वाभिमान स्वाधीनता राष्ट्रिय र भौगोलिक

अखण्डतामाथिको ठाडो हस्तक्षेप गर्ने कार्य नेपाली जनता नेपाल सरकारलाई स्वीकार्य विषय होइन । यो हुनै सक्दैंन । सम्माननीय अध्यक्ष महोदय, हामीले पढ्दा पनि बुचो र चुच्चो नभएकै नेपालको नक्सा पढियो, पढाइयो र बनाइयो । आज यो ऐतिहासिक महत्वपूर्ण विषयमा जनप्रतिनिधिमुलक संस्था संसदमा छलफल भइरहँदा यो नक्सा कहिले, कसको पालामा, के कारणले चुच्चो हटाएर बुचो बनाइयो ? सत्य तथ्य कुरा बाहिर ल्याउन स्वाभिमानी देशभक्त नेपाली जनतालाई जानकारी दिन पनि म सम्माननीय अध्यक्षज्यू मार्फत् नेपाल सरकारसँग जोडदार माग गर्दछु ।

हामी सबैले सुन्दै आएको एउटा नेपाली कथाको प्रसङ्ग म यहाँ जोडन चाहन्छु । एउटा बिरालोले मुसाहरूलाई धेरै दुःख दियो एक-एक गरी मार्ने र खानी गर्न थाले । यो समस्या समाधान गर्न मुसाहरूले सल्लाह गरे । अब बिरालोको घाँटीमा घण्टी बाँध्नका लागि सल्लाह गरे र हामी जोगिऊँ भने तर सल्लाह पनि भयो सहमति पनि भयो तर बिरालोको घाँटीमा घण्टी कसले बाँध्ने भन्ने आँट कसैको भएन फलस्वरूप बिरालोले छानी-छानी, रोजी-रोजी मुसा माऱ्यो । यो लोककथाको याद आज भोलि मलाई आइरहेको छ । भन्न र बोल्न धेरै सजिलो हुन्छ । हामीले बोलका पनि सुनेका छौँ तर सबै पार्टी सबै नेताहरू कुनै न कुनै समयमा यो मुलुक शासन सत्ताको जिम्मेवारीमा रहनु भयो पुग्नु भयो तर वर्तमान सरकार जो जनताका अपार जनमत र विश्वासबाट निर्माण भएको सरकारले आँट गरेको छ, हिम्मत गरेको छ यो राष्ट्रिय एकताका साथ अतिक्रमित भूमि फिर्ता गर्ने उद्देश्यका साथ यो विधेयक प्रस्तुत भएको छ । म हार्दिक धन्यवाद दिन चाहन्छु । यो महत्वपूर्ण कार्यका निम्ति म सरकारप्रति आभार प्रकट गर्न चाहन्छु । नेपाल कम्युनिष्ट पार्टी, नेपाली काँग्रेस, राष्ट्रिय जनता पार्टी, संघीय समाजवादी फोरम लगायत सबैप्रति म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

सार्वभौमता, राष्ट्रिय अखण्डताको यो विषय ठुलो र सानो भन्ने हुँदैन । हाम्रो अखण्डता, हाम्रो स्वाभिमान, हाम्रो आफ्नो देशको भूमि मुटुभन्दा प्यारो हुन्छ । हामी किमार्थ छोड्न सक्दैनौं । यो कुरा हाम्रो मित्र राष्ट्रले बुझ्न जरुरी छ । हामी नेपाली सरल र सोझा पनि छौँ । मित्रमाथि विश्वास पनि गर्छौं । हाम्रो विश्वासमाथि घात नहोस् भन्नी हाम्रो अभिलाषा हो । यो कुरा पनि हाम्रा मित्रहरूले बुझ्न् जरुरी छ । हाम्रो राष्ट्रिय हितलाई कसरी जर्गेना गर्ने ? मुलुकको भू-भागको संरक्षण कसरी गर्ने ? वर्तमान जननिर्वाचित सरकार सचेत छ, दृढ सङ्कल्पित छ । यसैगरि संघीय संसदका दुवै सदनका एक मन छ, एकताबद्ध छ । सँगै अघि बढिरहेको छ, कुनै विमति छैन । यो अवसरमा यो राष्ट्रिय गौरवको अवसरत पनि हो । यस अवसरमा म सबै न्यायप्रमि नेपाली जनतालाई हार्दिक बधाइ ज्ञापन गर्न चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, यो ऐतिहासिक र महत्वपूर्ण कार्यभार र जिम्मेवारीका निम्ति सबै जुट्न, सबै उठ्न, स्वाभिमानी देशभक्तहरूलाई आग्रह गर्न चाहन्छु । सत्ता र विपक्षभन्दा माथि उठेर एकताबद्ध भई सीमा समस्या अब लिम्पियाधुरा, लिपुलेक, कालापानी मात्रै होइन देशका विभिन्न ठाउँमा रहेको सीमा समस्याहरू अब सँधै सँधैको लागि समाधान गर्नका लागि दृढ सङ्कल्पका साथ अगाडि बढ्न सम्माननीय

अध्यक्षज्यू मार्फत् म नेपाल सरकारलाई आग्रह गर्न चाहन्छु र यो विधेयकको पूर्ण समर्थन गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय कोमल वली ।

**माननीय श्री कोमल वली (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको अनुसूचीमा रहने लिम्पियाधुरा, लिपुलेक र कालापानी समावेश भएको नेपालको नक्सा सहितको निशान छाप प्रतिनिधि सभाबाट दुई तिहाइभन्दा बढी मतले सर्वसम्मत अनुमोदन भएको छ र आज राष्ट्रिय सभामा पेश भएको छ र हामी त्यसैको छलफलमा छौं । म यसको सम्मानका साथ स्वागत र समर्थन गर्दछु । सम्माननीय अध्यक्ष महोदय, मुलुकको भौगोलिक अखण्डताको पक्षमा राष्ट्रियता, स्वाधीनता र स्वतन्त्रताका पक्षमा राष्ट्रिय शक्तिहरूबीच देखिएको राष्ट्रिय एकता र सङ्कल्प अभूतपूर्व र ऐतिहासिक छ । नेपालको राष्ट्रियताको सन्दर्भमा यो ऐतिहासिक घटना हो नै । नेपाल सानो भए पनि गरिब भए पनि नेपाली आफ्नो राष्ट्रियताप्रति संवेदनशील छन् । आफ्नो माटो र मुटुलाई समान ठान्ने नेपालीहरू गरिब भएर बाँच्लान्, रोगी भएर बाँच्न सक्लान् तर मातृभूमिको एक इञ्च भूमि छोड्न सक्दैनन् भन्ने ज्वलन्त उदाहरण पनि हो । सम्माननीय अध्यक्ष महोदय, मैले स्कुलमा पढ्दा यो नक्सा कोर्न र पढ्न पाइनँ । दुःख लागेको छ तर नेपालको इतिहासको एउटा निर्णय कालखण्डमा जसरी म आज उभिन पाएँ गौरव महशुस भइरहेको छ । यो ऐतिहासिक कालखण्डमा म र मेरो यो पुस्ताले जसरी निर्णायक भूमिका निर्वाह गऱ्यो यो इतिहासले सम्झने छ । अब हाम्रा लाखौंलाख बालबालिकाले नेपाल आमाको पूर्ण रूप पढ्न पाउने छन् । अगामी पुस्ताले नक्सामा देशभक्तिको रङ्ग भर्न पाउने भएका छन् । सम्माननीय अध्यक्ष महोदय, we don’t have any territory ambition हाम्रो कुनै अरु मुलुकमाथिको भूमिको ambition छैन । हाम्रो देश स्वभाविक सीमालाई अङ्कित गर्न चाहन्छ । सुगौली सन्धि त्यो सन्धि हो जसले नेपालको एक तिहाइ भूमि छिन्यो । सुगौली सन्धिका कारणले नेपालज्ञ 1/3rd भूमि गुमाउनु पर्दा कति चोट परे होला हामीलाई । त्यसपछि ब्रिटिसले detect गरेको भूमि सीमा हामीले स्वीकार गरेको हो । यो सीमा, यो नक्सा ब्रिटिसले detect गरेको र हामीले स्वीकार गरेको सीमा फेरि पनि भाच्न मिल्छ त ? मिच्न मिल्छ त ? भएन नि मित्रहरू हुँदै भएन ।

सम्माननीय अध्यक्ष महोदय, अहिलेसम्म कसैले पनि गर्न नसकेको, कसैले नसुनेको मानिसले सपना नदेखेको, यस्तो भए के हुन्थ्यो भन्ने कल्पना पनि नगरको, ऐतिहासिक काम यो सरकारले गरेको छ । यसको नेतृत्व अगुवाइ त्यो शाहस के.पी. ओलीकै हो । प्रधानमन्त्रीको बढाइ चढाइ गर्न खोजेको होइन । व्यवत्वोकरण गर्न खोजेको पनि होइन । राम्रो काम गरेकोलाई सम्मान गर्नु पर्छ र भन्न सक्नु पर्छ भन्ने मेरो मान्यता हो । सम्माननीय अध्यक्ष महोदय, हिजो मित्र राष्ट्र भारतबाट नेपालले वार्ताको उल्लङ्घन गरेका

प्रतिक्रिया आयो । वार्ताको वातावरणले उल्लङ्घन गरेको प्रतिक्रिया आयो । वार्ताको वातावरण कसले उल्लङ्घन गरेको हो त ? २०१९ को नोभेम्बर २ मा अर्थात् २०७६ साल कार्तिक १६ गते भारतले एकतर्फि रूपमा नक्सा किन सार्वजनिक गऱ्यो ? जबकि नेपालका प्रधानमन्त्री मनमोहन अधिकारीदेखि लिएर हरेक प्रधानमन्त्रीले यो विषयमा वार्ताबाट समस्या समाधान गरौं भन्नु भएको थियो । हरेक प्रधानमन्त्रीको visit पछिको joint statement मा यो कुरा आएको थियो । तर प्रत्येक पटक भारतले परराष्ट्र सचिवस्तरमा समाधान गर्ने भयो भन्ने तर बैठक बस्न नमान्ने के हो त यो intension ? २०/२५ वर्षदेखि त्यही कुरा पटक-पटक दोहोऱ्याउने नक्सा एकतर्फि सार्वजनिक गर्ने ? नक्सा सार्वजनिक गरे पनि हाम्रो सरकारले objection गरेन । वार्ताबाट नै समाधान गरौंला भनेर बसेको थियो । त्यसलाई पनि ignore गरेर ६ महिना पछि बाटो उद्घाटन गर्ने, त्यसकारण उल्लङ्घन गरेको मित्र भारतले नै हो । यो कुरा भारत सरकारसँग सरकारले राख्नु पर्दछ भन्ने मेरो मान्यता छ । सम्माननीय अध्यक्ष महोदय, अर्को कुरा अब राष्ट्रिय स्वाभिमानलाई बचाउनलाई हामीले आत्मनिर्भरताको आन्दोलन पनि सँगसँगै चलाउनु पर्छ । आत्मनिर्भरताको आन्दोलन पनि यो आत्मनिर्भरताको आन्दोलन सँगसँगै यदि हामीले चलायौं भने मात्र हामीले चुनौतिलाई सामना गर्न सक्छौं । होइन भने नेपालको भूमि फिर्ता ल्याउने मात्र होइन यसका साथै प्रत्येक नागरिकले आत्मनिर्भरताको आन्दोलनलाई इगोको रूपमा लिनु पर्छ । होइन भने यो मजाक मात्र पनि हुनेछ । हाम्रो दैनिक उपभोग्य वस्तुहरू नेपालमा नै उत्पादन गर्छौं भन्ने एउटा राष्ट्रिय सङ्कल्पको आवश्यकता छ । सम्माननीय अध्यक्ष महोदय, जसरी दोस्रो विश्वयुद्ध पछि जापानी नागरिकहरूले कडा परिश्रम गरेर खरानीमा विकासको फूल फुल्याए, मूल फुटाए । हामी पनि त्यसरी नै हाम्रो भावनामा एउटा आत्मनिर्भरताको भावना जागरित गराउन जरुरी छ । राष्ट्रियताका पक्षमा एक भयौं जसरी हामी एक भयौं आत्मनिर्भर हुनको लागि पनि सबै मिल्यौं । सरकार पक्ष, विपक्ष सबै एकताबद्ध भएर यो अध्यायको पनि सुरुवात .....(समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय जग प्रसाद शर्मा ।

**माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, नकेपा)**:- सम्माननीय अध्यक्ष महोदय, हामी संघीय लोकतान्त्रिक गणतन्त्रको संविधानको दोस्रो संशोधनको विधेयक जुन हिजो प्रतिनिधि सभाबाट पारित भएर सन्देश सहित यो राष्ट्रिय सभामा आएको छ । यसमा छलफल गरिरहेका छौं । र खासगरि आज मलाई यो विधेयकमा छलफल गरिराख्दा असाध्यै गर्व गौरवको अनुभूति भएको छ । किनकि झण्डै पाँच दशक, छ दशक अगाडिदेखि हराएको नेपालको कतिपय भू-भाग समेटेर अहिलेको वर्तमान सरकारले जुन नक्सा सार्वजनिक गरेको छ यसको संविधानमा निशान छाप सहित यो संशोधन गर्ने विधेयक अगाडि सारेको छ । सारा सिङ्गो नेपालीहरूका निम्ति गर्व र गौरवको विषय योभन्दा अर्को हुन सक्छ भन्ने कुरा मलाई लाग्दैन । अध्यक्ष महोदय, यतिखेर जसरी एउटा अभूतपूर्व

राष्ट्रिय एकता देखा परेको छ यो नेपालको इतिहासमा विरलै देखा पर्ने प्रकारको एउटा परिघटना म आफूलाई अनुभूति भइरहेको छ । र खासगरि अहिले आन्तरिक र बाह्य हिसाबले जुन ढङ्गले राष्ट्र, देश कोरोना आदि इत्यादि सबैले एउटा सङ्कटबाट गुज्रिराखेको अवस्थामा सिङ्गो राष्ट्रमा जुन अभूत यो आफैमा गर्व र गौरवको विषय म आफूले अनुभूति गरिराखेको छु । त्यसकारण कि यो विधेयक संशोधनको विधेयक जो ढङ्गले यहाँ हाम्रा अगाडि आएको छ यसले सबैलाई एउटा गर्व र गौरवको अनुभूति एकातिर गराएको छ भने अर्कोतिर हामी स्वतन्त्र छौँ, स्वाभिमानी छौँ । केबल देश राष्ट्र र देशभक्तिका हिसाबले मात्र होइन हामी राजनीतिक हिसाबले पनि स्वतन्त्र छौँ, आर्थिक हिसाबले पनि स्वतन्त्र र स्वाभिमान छौँ । सांस्कृतिक हिसाबले पनि स्वतन्त्र र स्वाभिमान छौँ । यो देश भूगोलका हिसाबले सानो होला, विकासका हिसाबले पछि परेको होला, गरिबी होला तर राष्ट्रियताका हिसाबले देशभक्तिको भावका हिसाबले हामी समृद्ध छौँ, सम्पन्न छौँ । यो अर्थमा यो विधेयकलाई मैले आफ्नो ठाउँबाट जसरी अगाडि सारेको छ, ल्याएको छ सरकारलाई म धन्यवाद दिन चाहन्छु र यसलाई हृदयदेखि स्वागत गर्न चाहन्छु, सम्मान गर्न चाहन्छु र यसको पक्षमा दृढतापूर्वक मेरो आफ्नो मत जाहेर गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय भैरव सुन्दर श्रेष्ठ ।

**<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)</u>**ः- सम्माननीय अध्यक्षज्यू, यतिखेर हामी प्रतिनिधि सभाबाट पास भएर सर्वसम्मत रूपमा पारित भई यो सदनमा पेश भएको संविधानको अनुसूची-३ लाई निशान छाप परिवर्तन गर्ने गरी जुन विधेयक पेश भएको छ यो विधेयक पेश भइरहँदा अत्यन्तै गौरवबोध अत्यन्तै उत्साह छाएको छ भन्ने कुरो मैल बुझिरहेको छु । अध्यक्ष महोदय, नेपालको इतिहास भनेको गौरव गाथाहरूले भरिएको इतिहास रहेछ । हामी नेपालीहरू विश्वका धेरै मुलुकहरू कसैको गुलाम चाहिँ बने अथवा अपौनिवेशिक शासनमा शासित भए । हाम्रो देश नेपाल त्यही गौरवगाथाले भरिएको इतिहास भएकोले विश्वका १९ वटा मुलुकहरू जो कसैको गुलाम बनेन् । त्यसमध्येको एउटा देश नेपाल हो भनिरहँदा हामी आज पनि गौरव गर्छौं, भोलिका इतिहासका भोलि पछाडि पनि फर्केर हेर्दा हामी गौरवबोध गरिरहेका नै थियौँ, आज पनि गर्छौं, भोलि पनि हामी गर्ने नै छौँ । यो गौरवगाथाले भरिएको इतिहास भएको नेपाल धेरै ठुलो भू-भाग ओगटेको नेपाल इष्ट इण्डिया कम्पनीमा कम्पनी र नेपालका बीचमाथि सन् १८१६ मा जुन सन्धि भयो त्यो सन्धिले हाम्रो देशको सीमाना खुम्चियो । त्यो सुगौली सन्धिले निर्धारण गरेको सीमानालाई आज पनि नेपालीले मान्दै आएको छ । हामी मान्छु भनेर प्रतिबद्धता व्यक्त गरेका छौँ ।

हाम्रो छिमेकी देश भारत जसले यो सन्धिको पक्षमाथि उभिन्नु पर्ने थियो तर पनि हामीले मित्र भनिरहेको देश आज त्यो सुगौली सन्धिले स्थापना गरेको सीमाना कायम गरेको कि

पश्चिमको काली नदीलाई सीमानाको नदी मानेर त्यो पश्चिमको काली महाकाली नदीको पूर्वका भू-भाग नेपालको रहने पश्चिमका काली नदीदेखि पश्चिमको भू-भाग नेपालले आफ्नो दाबी गर्ने र कहिल्यै पनि त्यो नेपालको हो भन्ने कुरा नेपालले नभन्ने भन्ने शर्तमाथि सुगौली सन्धि भएको थियो र आज हामीलाई दु:ख लागिरहेको यो मञ्चबाट भन्दाखेरि कि त्यतिबेला भएको सन्धि यथेष्ट प्रमाणहरू छन् । ती प्रमाणलाई भारतले बुझ्नु पर्ने थियो । हुन त हामी भारतलाई मित्र देश नै भन्छौँ आज पनि हामी मित्र देश नै भन्छौँ । छिमेकी-छिमेकी जस्तो भइदिनु पर्थ्यो तर पनि भारतको भूमिका हेर्दाखेरि त्यस्तो लागिरहेको छैन । हाम्रो आत्मसम्मानमा चोट लाउने गरी भारतले १९६१ माथि सन् १९६१ मा जसरी कालापानीमा आफ्नो सैनिक लिएर आएर राख्ने काम चाहिँ गरियो त्यसमा हाम्रो भूमि मिच्चिएको छ भन्ने कुरो त्यसबेलादेखि हामी भन्दै आएका छौँ । तर विगतमा पञ्चायति शासकहरूले त्यो भूमि फिर्ता ल्याउनका निम्ति त्यो भूमिमा भारतीय सेना गइसकेपछि जुन खालको पहल र प्रयत्न गर्नु पथ्यो विगतको सरकारले गर्दैन र जुन समस्या आज हामी झेलिरहेका छौँ । विगतको त्यो कमजोरीको फाइदा उठाएर विगतमा नेपालमा राजनीतिक स्थायित्व थिएन । त्यो राजनीतिक स्थायित्व नभएको कारणले भारतले हामीसँग बाट धेरै अवसर चाहिँ लियो । त्यो विगतको अस्थिरताको फाइदा भारतले उठायो । तर आज हामी भनिरहेका छौँ नेपालमा स्थायित्व भएको छ राजनीतिक स्थायित्व कायम भएको छ । नेपाल समृद्धिको यात्रामा अगाडि बढिरहेको छ र नेपालमा एउटा लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेको छ । यसले गर्दा नेपालीहरू आज आफ्नो देशको सार्वभौमिकता जोगाउनको निम्ति तत्पर छन् आफ्नो स्वाभिमान जोगाउनलाई तत्पर छन् र सार्वभौमिकता रक्षा गर्न जानेका छन् भन्ने कुरो भारतले बुझ्नु पर्ने थियो । तर आज भारत भन्दै छ हामीले भारतलाई धेरै पटक भनिसकेका छौँ कि त्यो सुगौली सन्धि अनुसारको सीमाना कायम गर्नको निम्ति भारत सदैव तत्पर होस् । हामी चाहिँ वार्ता गर्न तयार छौँ भन्ने कुरो अहिलेको वर्तमान सरकारले भन्दै आएको छ । विगतका सरकारले केही भने पनि यो प्रमाणको रूपमाथि जसरी आज संविधानको धारा ९ अनुरूपको जुन अनुसूची कायम भएको छ त्यस अनुरूप हामीले आफ्नो निशान छाप बदल्नका निम्ति सरकार जुन प्रयत्न गर्नु पर्ने थियो विगतमा ती कुराहरू भएनन् । अहिलेको वर्तमान सरकार नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वको सरकार चाहिँ छ । वर्तमान सरकारको नेतृत्व गरिरहनु भएका सम्माननीय प्रधानमन्त्री के.पी. ओली शर्माको नेतृत्वमा सरकार बनेको छ । यो सरकारले अत्यन्तै अहम् महत्व राख्ने विषयलाई अघि सारेर संविधान संशोधनको निम्ति प्रतिनिधि सभामाथि प्रस्ताव चाहिँ लिएर आएर त्यहाँबाट दुई तिहाइ बहुमतका साथ सर्वसम्मत ढङ्गले त्यो विधेयक पास भएर आज यो सदनमा आएको छ र म यो सदनमा आएको यो विधेयकलाई पूर्ण समर्थन गर्दै वर्तमान सरकारको नेतृत्व गर्नु भएका के.पी. शर्मा ओली प्रधानमन्त्रीज्यूलाई हार्दिक हार्दिक धन्यवाद दिन चाहन्छु र म भारतलाई यही भन्न चाहन्छु कि जुन नेपालले वार्ताका निम्ति धेरै प्रयास गरेको छ, धेरै चिठ्ठी लेखिसकेको छ, तर पनि भारत अहिलेसम्म भएको छ । त्यो अनुइच्छुक नहोस् अथवा भारतले इच्छा जाहेर गरेर यी समस्याहरू समाधानको निम्ति जसरी पाकिस्तानको आफ्नो सीमानाको बारेमा भारतले वार्ता गर्न तत्पर .....(समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय मृगेन्द्र कुमार सिंह यादव ।

**माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (राष्ट्रिय जनता पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, यो जुन प्रस्तुत संविधान संशोधनको अनुसूची-३ जो प्रस्तुत भएको छ त्यसमा हामी छलफल गरिरहेका छौँ । भर्खरै हिजो मात्रै प्रतिनिधि सभाबाट सर्वसम्मतिले पास भएर यहाँ प्रस्तुत भएको छ । त्यसमा हाम्रो पनि पूर्ण समर्थन छ कि विभिन्न सञ्चार माध्यममा, विभिन्न सामाजिक सञ्जालमा हामीमाथि शङ्काको दृष्टिले सँधै हेरियो । तर हामी एकदम राष्ट्रको लागि सँधै भनेको छु मधेसी जनता सँधै यति ठुलो सिमानामा बढी बसोबास मधेसी जनताको नै हो । त्यहाँ त्यो जङ्गे पिलरले होइन, त्यो हामी मधेसीले नै त्यो सिमाको सुरक्षा गरेका छौँ अध्यक्ष महोदय । तापनि हामीलाई शङ्काको दृष्टिले हेरिन्छ त्यसको निश्चित रूपमा दुःख लाग्छ अध्यक्ष महोदय । इण्डियाले केही गऱ्यो भने लोण्डुप दोर्जेले सिकिम गाभ्यो, भारत सरकार र लोण्डुप दोर्जेको त्यसमा करामत थियो तर धोती तान्यो काठमाडौं मधेसीहरूको । ऋतिक रोसन सिने जगतका अभिनेता के भन्यो के नभन्यो तर यहाँ सडकमा हेल्मेट उठाएर मुख देखेर, अनुहार हेरेर चुटाई चुट्यो मधेसी जनतालाई सँधै भैयाबाट सम्बोधन गर्ने मर्सियाबाट सम्बोधन गर्ने त्यतातिर ध्यान दिइयोस् । अध्यक्ष महोदय, म अध्यक्ष महोदय मार्फत् यस्ता सोच छ एउटा कि अनुहार हेरेर मात्रै इण्डियाको चाहिँ पक्षमा जान्छ भने त्यस्तो कदापि होइन । मातृभूमिको लागि आफ्नो भूमिको लागि हामी पनि खुन दिन तयार छौँ । त्यसको उदाहरण तिलाठीका देव नारायण यादव छन् अध्यक्ष महोदय । त्यसैले अब यो हामीले पायौँ नक्सा त हामी गऱ्यौँ यसलाई हामी भोगचलन पनि कहिले हुन्छ ? त्यतातिर सरकार एकदम दृढतापूर्वक लागोस् हामी साथ छौँ, एकदम साथ दिन्छौँ तर योभन्दा पहिले पनि विभिन्न सन्धिहरू भएका छन् । त्यतातिर पनि छानबिन भएर कसको दोष ? कहाँ-कहाँ चाहिँ हाम्रो राष्ट्रियता, हाम्रो भूमि गएको छ महाकाली सन्धिमा, सुगौली सन्धिमा महाकालीको पश्चिमको भागबाट कुनै सम्मको सरोकार हुँदैन नेपालको तर महाकाली सन्धिमा हामी आधाआधी बाड्यौँ । महाकालीलाई आधाआधी बाड्यौँ त्यतातिर पनि ध्यान जाओस् कस्को गल्ती ? कहाँकहाँ छ ? कसले-कसले राष्ट्रघात गरेको छ तिनीहरूलाई पनि खोजी होस् अध्यक्ष महोदय । अन्त्यमा म फेरि यो वार्ताद्वारा नै समाधान हुन्छ । यो विकल्प एउटा वार्ता-वार्ता, वार्ता बाहेक अर्को विकल्प छैन त्यसैले सबैतिर सदनमा होस् सडकमा होस् वार्ताको वातावरण बनाइयोस्, त्यतातिर ध्यान दिइयोस् म आग्रह गर्न चाहन्छु ।

**सम्माननीय अध्यक्षः**- माननीय रामनारायण विडारी ।

**माननीय श्री रामनारायण विडारी (मनोनीत)**:- सम्माननीय अध्यक्ष महोदय, यो गजबको गौरब लाग्यो कि के भनेको छ नि मलाई त यो नेपाली र नेपालको कर्तव्य थियो ।

यो कर्तव्य निर्वाह गर्दैछौँ अध्यक्ष महोदय । नेपालमा जन्मेको कारणले नेपाली भएको कारणले यो कर्तव्य निर्वाह गर्ने अवसर आज प्राप्त भयो । यो अवसर प्राप्त गर्नको निम्ति धेरै मान्छे सहिद भए । यो अवसर प्राप्त गर्नको निम्ति धेरै आन्दोलन गर्नु पऱ्यो । लाठी खाइयो, चुटाइ खाइयो, थुनामा परियो, कालापानी क्षेत्र हाम्रो हो भन्दा गोदाइ खाइयो । त्यस्तो हुँदैहुँदै आज हामी यहाँ आइपुग्यौँ यत्ति काम गर्नको निम्ति हामीलाई गणतन्त्र चाहिने अवस्था परेको रहेछ । गणतन्त्र नआइ यो काम भएन । किन भएन ? जति धाक लगाए पनि, जति लिपपोत गरेपनि, जति छोपे पनि गणतन्त्र नआइकन, लोकतन्त्र नआइकन वास्तविक रूपमा हामीले यो काम गर्न सकेनौँ । आज नेपालको सरकार जो नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वको सरकारले पहिलो पल्ट नेपालमा क्याविनेट निर्णय गरेर राजपत्रमा निकालेर नक्सा नै प्रकाशन गरेर अतिक्रमण भएको भू-भागलाई आफ्नो नक्सामा राख्न सफल भयो यो पहिलो मन्त्रिपरिषद् हो । यो पहिलो काम हो । यहाँभन्दा अगाडिकाले गरेरन्, गफ गरे होलान्, कुरा गरे होलान्, के-के लिपापोती गरे होलान् त्यसैले आज मलाई अध्यक्ष महोदय, गणतन्त्र आएछ भन्ने गजबको अनुभूति प्राप्त भयो ।

अध्यक्ष महोदय, म गणतन्त्रमा छु यहाँ गणतान्त्रिक लोकतान्त्रिक पद्दति अब सुरू भयो भनेर मलाई अनुभूति भएको छ । १८१४ देखि १८१६ सम्म हाम्रा पुर्खाले साम्राज्यवादी अङ्ग्रेजका विरुद्धमा लडेर प्राप्त गरेको भू-भाग त्यो भूभागमा भक्ति थापा, बलभद्र, अमर सिंह जस्ता महान पुरुषहरूले ल्याएको यो भू-भाग उहाँहरूलाई म अभिवादन गर्न चाहन्छु । यसमा अविछिन्न प्रश्न उठाउने सँधै प्रश्न उठाउने, आन्दोलन गर्ने, सबै र विज्ञहरूप्रति पनि अध्यक्ष महोदय म आभार व्यक्त गर्न चाहन्छु । जसले यसको बारेमा सँधैसँधै आवाज उठाइरहे । राजतन्त्र र उसका मतियारहरूले विगतमा जे गरे अहिले भनेर काम छैन । त्यसैले अब ३२ सालमा म ८/१० कक्षामा पढ्ने बेलामा चुच्चे नक्सा बनाएकै हो । ३२ सालपछि चुच्चे नक्सा भाँचेकै हो । त्यो बेला हामीलाई थाहा भएन अहिले थाहा भयो । भारतीय काम अब के छ भने भारतीय सेना त्यहाँबाट हटाउने हाम्रो भूमि फिर्ता गराउने बनेको बाटोलाई नेपालको सहमति र स्वीकृति बेगर चल्न नदिने । यो नेपाल र नेपालीको अब कर्तव्य छ । भारतीय शासकको पेरोलमा बसेका केही मान्छेहरू बाहेक अरू कसैले पनि यसको विरोध गर्दैनन् अध्यक्ष महोदय । यो कुरा राष्ट्रिय सहमति भएको कुराले प्रष्ट भएको छ । तर केही-केही पेरोलवालाले के भने भने त्यो भूमि फिर्ता ल्याए भने म बुट पोलिस गर्छु ओलीजीको भने । बुट पोलिस गर्ने मान्छे अहिले पनि ऊ बोट पोलिसबौला हो अध्यक्ष महोदय । अहिले मोदीको बुट पोलिस गर्दैछन् भूमि फिर्ता आयो भने ओलीको बुट पोलिस गर्छन् । काम त उनको बुट पोलिस नै गर्ने हो नि । अध्यक्ष महोदय । त्यसकारणले म हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु जमिन फिर्ता आउँछ, यहीँ छ, गरिन्छ आएपछि उसलाई बुट पोलिस गर्न नलगाऊँ सीमाको पाले बनाऊँ है अध्यक्ष महोदय मार्फत् म प्रधान मन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु ।

त्यसकारणले राष्ट्रियता नेपालीको खासगरि सीमामा बस्ने नेपालीलाई हामीले सलाम गर्नु पर्छ । भारतको सिमानामा बस्ने, चीनको सिमानामा बस्ने ती हिमाली नेपालीहरू, ती मधेसी नेपालीहरू जसले सीमाको रक्षा गरेर बसेका छन् तिनीहरूको रक्षा गर्ने कालापानी

क्षेत्र, लिम्पियाधुराका बासिन्दाको इज्जत र सम्मान गर्नु पर्छ सम्माननीय अध्यक्ष महोदय । यसरी हामीले काम गर्दै गयौं भनेदेखि हाम्रो देशमा अहिले गजबको एकता भयो भने गजबको यो सामान्य एकता हो । यसमा एकता नभए कहिले हुने त ? यसमा पनि एकता नगरे कहिले गर्ने त ? राष्ट्रिय एकता यस्तैमा हुने हो । नेपाल र नेपालीका हितका निम्ति यस्तो एकता गर्ने हो । त्यसकारणले अध्यक्ष महोदय, म सम्मानित यस सदनमा के कुरा निवेदन गर्न चाहन्छु भने भारतीय सेना हटाउने तरिका के हो ? त्यसलाई हटाउने अवस्था के हो ? यस बारेमा व्यापक रूपमा छलफल होस् भोलिदेखि नै तुरुन्तै यस कार्यमा नेपाल सरकार लाग्न सकोस् । सबै राजनीतिक दलहरूलाई हार्दिक अभिभावदन । गर्दै लालसलाम टक्र्याउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय विमला घिमिरे ।

**माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, आज एउटा ऐतिहासिक अभिभारा पूरा गर्ने सन्दर्भमा यस सम्मानित सदनमा उपस्थित भएका छौँ । कालापानी, लिपुलेक र लिम्पियाधुरा सहितको नयाँ राजनीतिक नक्सालाई संविधानको अनुसूचीमा अध्यावधिक गर्न देखिएको अभूतपूर्व राष्ट्रिय एकता अतुलनीय र गौरवपूर्ण छ । हजार माइलको लामो यात्रा एक पाइलाबाटै सुरु हुन्छ भने जस्तै भूमि फिर्ताको अभियानमा हामी एक कदम अगाडि बढिसकेका छौँ । यो यात्रा सो ठाउँमा हाम्रो प्रशासनिक र राजनीतिक उपस्थिति नहुने चरणसम्म अटल र अविछिन्न रहने छ । यसका लागि अगुवाइ गर्ने नेपाल कम्यनिष्ट पार्टी (नेकपा) यसको महत्वपूर्ण र ऐतिहासिक कामको सहासपूर्ण नेतृत्व गर्नुहुने सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीज्यूप्रति सम्मानका साथ आभार प्रकट गर्न चाहन्छु । यी भू-भाग समेटेर नक्सा तयार गर्नका निम्ति अत्यन्त सक्रियता देखाउनु हुने भूमि व्यवस्था सहकारी तथा निवारण मन्त्री पद्मा अर्याल लगायत माननीय मन्त्री पद्मा अर्याल लगायत सबै माननीय मन्त्रीज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, संविधान संशोधन विधेयकलाई सर्वसम्मत ढङ्गबाट प्रतिनिधि सभाका माननीय सदस्यहरूले देखाउनु भएको एकताप्रति म सम्मान गर्दै उहाँहरू धन्यवादका पात्र हुनुहुन्छ । २०७२ सालमा नेपालको संविधान जारी गर्दा जसरी दलहरूको बीचमा एकता भएको थियो जसले गर्दा बाह्य हस्तक्षेपलाई व्यवस्था गर्दै संविधान जारी गर्न सफल भएका थियौँ । त्योभन्दा सशक्त एकता अहिले पुनः देखिएको छ र यसले हामीलाई हाम्रो देशको सार्वभौमिकता र अखण्डताप्रति कसैले धावा बोल्ने हिम्मत गर्ने छैन । नक्सा मात्र होइन जमिन फिर्ता हुन्छ कि हुँदैन भन्ने कुरामा नेपाली जनता र कतिपय माननीयहरूको समेत शङ्का गर्ने र यसलाई सुझाव दिने काम भइरहेको छ तर मलाई विश्वास छ नेपालको राष्ट्रियताप्रति प्रतिबद्ध र दृढ इच्छा शक्ति भएको नेतृत्व र सरकार

देशमा छ, बलियो राजनीतिक एकता छ पर्याप्त प्रमाणहरू छन्, नेपालको भौगोलिक अखण्डताका लागि रगत बगाउन तयार नेपाली जनता र त्यसको गौरवपूर्ण इतिहास हामीसँग छ । त्यसैले कुटनीतिक माध्यमका पहलबाट हाम्रो जमिन फिर्ता ल्याउने कुरामा हामी सक्षम र सफल हुने छौं पूर्ण विश्वास गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, सरकारलाई खबरदारी गर्दै सडकमा नारा जुलुस देखिए ती खबरदारी गर्नु जनताको दायित्व हो पनि तर कतिपय त्यहाँ लगाइएका नारा र प्ले कार्ड हेर्दा नेपालीलाई अलिकति मन दुख्ने खालका थिए र त्यसमा अझै भारतीय मिडियाहरूले हाइलाइट गर्दै सरकार र प्रधानमन्त्री के.पी. ओलीको विरुद्धमा प्रदर्शन भयो भनेर भन्नु अत्यन्तै दुःखद् पक्ष हो । तर हिजो मात्रै प्रतिनिधि सभाबाट भएको एकता र सर्बैसम्मत ढङ्गले संविधान संशोधन गरी हाम्रो नक्सालाई निसान छापमा अङ्कित गर्न ऐतिहासिक काम भएको छ त्यो कामले अब छिमेकी मुलुकलाई आफ्नो व्यवहार सच्याउनका निम्ति सन्देश दिइरहेको छ । नेपाल सार्वभौमिता राष्ट्रियता भौगोलिक अखण्डता राष्ट्रिय एकता स्वाधीनता र स्वाभिमानलाई अक्षुण राखी जनताको सार्वभौम अधिकारका निम्ति राजनीतिक दलहरू, नेपाल सरकार संसद प्रतिबद्ध छ । सम्माननीय अध्यक्ष महोदय, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधताको विशेषतालाई आत्मसात गरी विविधताको बीचमा एकता कायम गरिराख्नु सबैको दायित्व र यो पुनर्पुष्टि भएको छ । जनताको प्रतिस्पर्धा र बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार आवधिक निर्वाचन स्वतन्त्रता निष्पक्ष न्यायपालिका, कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजप्रति यो सरकार प्रतिबद्ध रहेको अनुभूति भएको छ । थुप्रै नेपाली जनताले शाहदत प्राप्त गरे, थुप्रै नेपाली जनता जेल जीवन बिताए, थुप्रै व्यक्तिहरू अपाङ्ग, घाइते भए भने धेरैले आफ्नो जीवन यस परिवर्तनका निम्ति समर्पित गरेका छन् । यसको रक्षा गर्ने दायित्व हामी सबैको हो । यो व्यवस्थाप्रति कुनै प्रकारको आँच आउन नदिने कुरामा हामी प्रतिबद्ध बनौं । यो ऐतिहासिकको स्वर्णिम अवसर हो यसमा पुनः यसको अगुवाइ गर्ने सम्माननीय प्रधान मन्त्रीज्यू, क्रियाशील सम्पूर्ण राजनीतिक दलहरूलाई म मुक्त कण्ठले प्रशंसा गर्न चाहन्छु र हिजो नेपाली जनतामा हिजो साँझ दिपावलीका साथ देखिएको उत्साहप्रति पुनः म सम्मान व्यक्त गर्न चाहन्छु । र नेपालमा सबैतिरका सीमाको रक्षा गर्नका निम्ति हामी फेरि पनि एकताबद्ध भएर अगाडि बढ्ने छौं भन्ने प्रतिबद्धता गर्दै यस विधेयकको पुनः समर्थन गर्दै आफ्नो भनाइ अन्त्य गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय डा. विमला राई (पौड्याल) ।

**माननीय श्री डा. विमला राई (पौड्याल) (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्षज्यू, विद्यमान संविधानको अनुसूचीमा रहेको नेपालको निसाना छापलाई

परिवर्तन गरेर कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर नयाँ निसानाछाप अङ्कित गर्ने यो महत्वपूर्ण कामलाई बैधानिकता दिनको लागि आएको यो संविधान संशोधनको म असाध्यै राम्रोसँग स्वागत पनि गर्दछु र असाध्यै धेरै गौरवान्वित पनि महशुस गरेको छु । यस घडीमा यो सीमा सुरक्षा गर्नको लागि यो सीमालाई नेपालको भूमिमा समेटियोस् यो भूमिहरूलाई नेपालको नक्सामा समेटियोस् भनेर अगाडिदेखि नै सीमा सुरक्षा गर्नुहुने, सीमा सुरक्षाको क्रममा शाहदत प्राप्त गर्नु भएका सम्पूर्ण सहिदहरूप्रति श्रद्धाञ्जली पनि व्यक्त गर्न चाहन्छु । यो साथसाथै नेपाल कम्युनिष्ट पार्टी जसले अहिले यो सरकारको नेतृत्व गरिरहेको छ यसका दुई अध्यक्षद्वय र प्रधानमन्त्री र हाम्रो परराष्ट्रमन्त्रीको दृढता र साहसको पनि म कदर गर्न चाहन्छु । र आफू पनि यो महत्वपूर्ण घडीमा एउटा सांसदको हिसाबले यहाँ उभिएर यो महत्वपूर्ण घडीमा सानो योगदान गर्न पाउँदा आफूलाई पनि असाध्यै गौरवान्वित महशुस गरेको छु । सम्पूर्ण राजनीतिक दलहरू जसले एकदमै मजबुत एकता प्रर्दशन गर्नुभएको छ, एकदमै ऐतिहासिक एकता प्रदर्शन गर्नु भएको छ यी राजनीतिक दलका नेतृत्व र सम्पूर्ण राजनीतिक दललाई पनि म एकदमै धेरै आभार व्यक्त गर्न चाहन्छु । र यो विधेयकको म असाध्यै धेरै सम्मान गर्न चाहन्छु ।

पूर्ववक्ता माननीयज्यूहरूले भनिसक्नु भएको छ हाम्रो यात्रा निकै लामो छ र यो यात्रा कठिन पनि छ तर सुरुवात भएको छ, सुरुवात हिजो हाम्रो नक्सामा नै नभएको भूमि नक्साबाट हटाइएको र नक्सामा नभएको भूमिलाई अहिले हामीले देखाएर वैधानिकता प्राप्त गर्ने हामी आफैले बैधानिकता प्राप्त गर्ने जमर्को गरेका छौँ यो एउटा सुरुवात हो । तर यो यात्रा कठिन छ, यो यात्रा टाढासम्म जान्छ भन्ने कुरा हामी सबैले बुझेका छौँ । यो यात्रा अगाडि बढाउने क्रममा वार्ता असाध्यै महत्वपूर्ण छ हामी सबैले बुझेकै कुरा हो वार्तासँगसँगै कुटनीतिक अन्य माध्यमहरू राष्ट्रिय, अन्तर्राष्ट्रिय, दुईदेशिक, त्रिदेशिक कस्ता खालका कुटनीतिक चाहिन्छ यो कुटनीतिक माध्यामहरूबाट यसको समाधान गरिनु पर्छ र यसमा सरकार दृढतासाथ अघि बढ्छ । त्यसैले नै हामीलाई स्थायी सरकार पनि चाहिएको हो र यो स्थायी सरकारले यो काम गर्छ भनेर देखाइसकेको छ । अब यो यात्रामा अगाडि बढ्नु हामी सबैको कर्तव्य हो । अब हामी यसमा पनि दृढ भएर एकदमै अडिग भएर लाग्छौँ । यो पनि म यहाँ प्रतिबद्धता जाहेर गर्न चाहन्छु । तर यो यात्रासँग केही महत्वपूर्ण कामहरू जोडिएका छन् । हाम्रो होमवर्क जरुरी छ, यो होमवर्क यो गृहकार्यमा वार्ता गर्नुभन्दा अगाडि अन्य कुटनीतिक संयन्त्रहरू पनि परिचालन गर्नुभन्दा अगाडि अन्तर्राष्ट्रियकरण गर्नुभन्दा अगाडि यदि आवश्यक पर्‍यो भने हामीले जस्तो पनि उपाय गर्नु पर्ने हुन्छ । यो सबै उपाय गर्नुभन्दा अगाडि गृहकार्य जरुरी छ । गृहकार्यमा मैले ३ वटा महत्वपूर्ण कुराहरू देखेको छु । एउटा महत्वपूर्ण कुरा भनेको प्रमाणको अभिलेखीकरण हो ।

नेपाल सरकारले भर्खरै एउटा उच्चस्तरीय संयन्त्र पनि बनाएको छ जसले प्रमाणको अभिलेखीकरण गर्छ । यहाँ हाम्रो नेपालमा अहिले ज्युँदा इतिहासहरू हुनुहुन्छ, त्यो ज्युँदा इतिहासको अनुभवहरू राख्नु पर्छ पत्रपत्रिकामा आएका, अनलाइनमा आएका, भारतमा प्रसारित भएका, नेपालमा प्रसारित भएका विभिन्न समाचारहरू सहित, मालपोत तिरेका पूर्जाहरूको कुराहरू आएका छन्, जनसङ्ख्याको कुराहरू आएको छ । त्यतिबेलाको पपुलेशन

सेन्सस्का कुराहरू आएका छन्  यो सबैलाई एक ठाउँमा राख्नको लागि नागरिक समाजसँग पनि काम गरेर, इतिहासविद्हरूसँग पनि काम गरेर प्रमाणको अभिलेखीकरण गर्न जरुरी छ । यो चाहिँ असाध्यै चाँडो गरियोस् र एकदमै सहभागीमुलक तरिकाबाट गरियोस् भनेर म यहाँ ध्यान आकर्षण गराउन चाहन्छु । दोस्रो भनेको यो क्षेत्रमा बसिरहेका जनताहरू जुन चाहिँ छरिएर ठाउँ-ठाउँमा गाउँहरूमा बस्नु भएको छ उहाँहरूको जनजीविका कसरी चलिरहेको छ ? उहाँहरू कति नेपालको सेवासुविधासँग जोडिनु भएको छ ? कति भारतप्रति आश्रित हुनुहुन्छ ? यसमा पनि हामीले ध्यान दिनु पर्छ र त्यहाँ बसेका नेपालीहरूलाई जति सक्दो चाँडो सुरक्षित बनाउनु पर्छ । त्यसपछि उनीहरूको सेवासुविधामा नेपाल सरकारले तुरुन्तै लगानी गर्नु पर्छ । तुरुन्तै खबरदारी गर्नु पर्छ र त्यहाँ बस्ने नेपालीहरूको सुरक्षित जीवनयापनको लागि पनि सुनिश्चिता गर्नु पर्छ भन्ने कुरा म यहाँ औंल्याउन चाहन्छु । यति भन्दै म मेरो छोटो भनाइ जसले चाहिँ यो संशोधित संविधानको स्वागत गर्दछ । यसलाई यहीँ टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, हामी नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस् भन्ने छलफलका लागि यहाँ उपस्थित भइरहेका छौँ । हामी अत्यन्तै एउटा महत्वपूर्ण ऐतिहासिक क्षणमा यहाँ उपस्थित भइरहेका छौँ । यो संविधान निर्माणको कार्य जुन संविधान लेखनको कार्यहरू यसअघि सकिए पनि यसको निरन्तर रूपमा यसको निर्माण कार्यहरू जारी भइराखेको छ । कि संविधान अझ राम्रो बनाउने अझ त्यसलाई निर्माण बनाउने कुरामा हामी यहाँ संविधानको दोस्रो संशोधन यहाँ आएको छ । पछिल्लो पटक यो बहुचर्चित विषय अब यो लिम्पियाधुरा, लिपुलेक र कालापानीको विषय जुन नेपालको भू-भाग हो । जसलाई भारतीय सेनाहरूले भारतले आफ्नो त्यसलाई अतिक्रमण गरिरहेको छ । त्यसलाई समेत नयाँ नक्सामा राखेर नयाँ हाम्रो अनुसूची-३ मा भएको निशान छाप अनुसूचीलाई संशोधन गर्नका लागि यो संविधान आएको छ यसलाई हामी समर्थन गर्न चाहन्छौँ । नेपाली काँग्रेसले आफ्नो केन्द्रीय समितिबाट यसलाई पास गरिसकेको छ । यसैगरि संसदीय दलको बैठकबाट पनि यसलाई पारित गरिसकेको छ । हामीले जति पनि ऐतिहासिक घटनाहरूलाई जति पनि ऐतिहासिक महत्वका विषयहरूलाई पार्टीले एउटा आधिकारिक निर्णय गर्दागर्दै संसदीय दलमा समेत निर्णय गरेर हामी यहाँसम्म आइपुगेको परिपक्व अवस्थाहरू छ नेपाली काँग्रेसको । काँग्रेस जहिले पनि यस्ता विषयहरू राष्ट्रियताका विषयमा सिमानाका विषयहरूमा लोकतन्त्रका विषयहरूमा जहिले पनि चट्टान जस्तै अडिक भएर उभिरहेको अवस्था छ । २०१५ सालमा बी.पी. कोइरालाको सरकार बनेसकेपछि नै त्यति बेलादेखि नै राष्ट्रियताका कुराहरूलाई नेपालका सिमानाका कुराहरूलाई बी.पी. कोइरालाज्यूले एउटा

सिमानालाई टुङ्ग्याउने कुरामा एउटा विवादलाई समाधान गर्ने कुरामा एक किसिमको प्रयासहरू जारी गर्नु भएको थियो ।

त्यही अनुरुप सगरमाथालाई नेपालको बनाउने कुरामा चाइनासितको एउटा महत्वपूर्ण छलफल बहस र एउटा कुटनीतिक पहलबाट हामीले त्यो काँग्रेसकै पहलमा त्यो भएको थियो । पछि वी.पी. कोइरालाको सरकार अपदस्त भइसके पछाडि त्यो बीचमा ३० वर्षको कालरात्रीमा अनेक कुराहरूको धेरै चलखेलहरू पनि भए । त्यतिबेला नै नेपालको नक्साको चुच्चो चाहिँ भाँच्चिएको कुरा पनि उठिरहेको छ । त्यतिबेला सम्भवत हामी यहाँ भएका पार्टीहरू त्यति बेला भूमिगत अवस्थामा नै हुनसक्थौं, थियौं होला । त्यतिबेला अब नेपालका सरकारहरूले कसलाई कसरी के-के गरे त्यो कुराहरू अहिले हामीले यहाँ छलफल गर्नुभन्दा पनि यहाँ हामी मुख्य मिसनतिर अगाडि बढ्ने कुराहरू एकदम महत्वपूर्ण छ । यो त्यति बेला सायद वी.पी. कोइरालाको सरकार अपदस्त हुन्थेन भने भारतीय सिमानाहरूदेखि लिएर लिपुलेकको यी सबै कुराहरू त्यति सारै मिचिने स्थिति पनि सक्थेन होला भन्ने कुरा म यहाँ स्मरण गर्न चाहन्छु । र यो के छ भन्दाखेरि अब यो अत्यन्तै महत्वपूर्ण क्षण संविधान संशोधनका कुरा संविधानलाई निर्माण गर्ने कुराहरू छ र यो सिमानाका विषयहरूलाई नेपालमा एउटा नक्सा बनाएर हामीले यहाँ सुरुवात गरेका छौं । त्यसलाई हाम्रो संसदले समेत प्रतिनिधि सभाले त्यसलाई पारित गरेको अवस्थाहरू छ । विस्तारै हामीले यसलाई पनि आफ्नो एउटा प्रोसेस् छ । राष्ट्रिय सभाले पनि यसलाई प्रोसेस्बाट यसलाई टुङ्ग्याउने छ । यो सर्वसम्मत हुने कुरामा कुनै द्विविदा छैन । सबै नेपालीहरू अहिले एकै ठाउँमा उभिएको अवस्था छ । सबै राजनीतिक पार्टीहरू पूरै एकै ठाउँमा उभिएको अवस्था छ । सम्पूर्ण सञ्चार मिडियादेखि लिएर दुनियाँ सबै नेपालको पक्षमा नेपालीहरू उपस्थित भएको स्थिति छ । एउटा यो संवेदनशील विषय पनि हो ।

यो कुनै एउटा सरकारको लागि एउटा अथवा अहिले नेपाल कम्युनिष्ट पार्टीको सरकार छ सरकारको समर्थनको लागि सबै एकै ठाउँमा उभिएको चाहिँ हुँदै होइन । खाली यो नक्साहरू देखाएर र संविधानका विषयहरूलाई देखाएर फेरि आफ्ना सारा गल्तीहरूलाई यहीँ नक्साले ढाकछोप गर्ने काम गर्ने नहोस् त्यो कुरा म यहाँ विशेष अनुरोध गर्न जान्छु । उच्च कुटनीतिक तरिकाले समाधान गरियोस् खाली नक्सा बनाइयो भनेर मात्रै पनि सबै कुरा हुँदैन भोलि त्यो जमिन लिने कुरा छ, जमिनमा आफ्नो उपभोग गर्ने कुरा छ, त्यहाँका नेपालीहरूलाई चित्त बुझाउने उनीहरूलाई सम्बोधन गर्नु पर्ने थुप्रै कुराहरू छ यी सबैतर्फ सरकारले समयमा नै सोच्ने छ भन्ने मैले यहाँ अनुरोध गर्न चाहन्छु । खाली यो नक्सा बनाउने संविधानमा यी कुराहरूलाई पारित गर्ने तर पछि खाली यसलाई राजनीतिक गर्ने विषयहरूको झुण्ड नबनाइयोस्, यसलाई समयमा नै टुङ्ग्याइयोस् । मेलम्ची जस्तै राजनीतिक गर्ने विषय लिपुलेक, कालापानी र लिम्पियाधुरालाई नबनाइयोस् । त्यो चुच्चे नक्सालाई कुनै पनि बिक्री वितरण नगरियोस् त्यो हाम्रो सार्वभौम हो, त्यो हाम्रो एउटा राष्ट्रियता हो त्यसतर्फ पनि सबै संवेदनशील हौं । संवेदनशील विषयहरूमा, राष्ट्रियताका विषयहरूमा राजनीतिक हुन सक्दैन त्यो कुराहरू मैले अनुरोध गर्दै बाँकी कुटनीतिक पहल थुप्रै कुराहरू बाँकी छन् त्यसको म सरकारले संयम् भएर काम गरोस् यो एउटा स्टाटेजिक

कुरा हो, उच्चस्तरीय कुटनीतिक पहल हो । एउटा स्टेट फरवार्डबाट धेरै कुरा बिक्री हुन सक्छ, त्यही भएर राम्ररी चिन्तन पुऱ्याएर सरकार अगाडि बढोस् हाम्रो साथ सहयोग सिमानाका विषयमा, अनि राष्ट्रियताका विषयमा, लोकतन्त्रका विषयमा हामी जहिले पनि सँगसँगै छौँ । हामी सबै चटानसरि उभिएका छौँ । सरकार एक्लै नकुदोस् यति कुरा अनुरोध गर्दै आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्षः**- माननीय सुमनराज प्याकुरेल ।

**माननीय श्री सुमनराज प्याकुरेल (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्षज्यू, हामी आज नेपालको सीमालाई पुनर्व्यवस्थित गर्ने गरी आएको संविधान संशोधनको बारेमा हामी यहाँ छलफल गरिरहेका छौँ । यो छलफलमा माननीयज्यूहरूले धेरै कुरा भनिसक्नु भएको छ । म २/३ वटा के कुरा आग्रह गर्न चाहन्छु भने आज हाम्रो लागि धेरै गौरवको दिन हो । हामी राष्ट्रिय अखण्डताको पक्षमा नेपालीहरू कति दृढ छन् भन्ने कुरो यो अहिलेको यो संविधान संशोधनमा राष्ट्रिय सहमति हुनु भयो सम्पूर्ण नेपाली जनता र नेपालका राजनीतिक पार्टीहरूले जसरी आफ्नो बीचको अभूतपूर्व एकता राष्ट्रिय अखण्डताको पक्षमा जुन अभूतपूर्व एकता प्रदर्शन गर्न सफल हुनु भयो । मुलुकको सार्वभौमता र राष्ट्रिय अखण्डता कुनै पनि वादविवादभन्दा माथि हुन्छ भन्ने कुरा जसरी प्रमाणित हुन्छ सफल हुनु भयो त्यसप्रति नेपालका सम्पूर्ण राजनीतिक पार्टीहरूलाई हार्दिक कृतज्ञता ज्ञापन व्यक्त गर्न चाहन्छु र यो नेपालको गौरव उठाउने, नेपालको अखण्डतालाई पुनर्व्यवस्थित गर्ने सबैालमा राष्ट्रको नेतृत्व गर्नु हुने सम्माननीय प्रधानमन्त्रीज्यू हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिष्ट पार्टीका द्वय अध्यक्षज्यूहरू, नेपाली काँग्रेस लगायत सम्पूर्ण प्रतिपक्ष पार्टीका नेताहरूलाई पनि म त्यसैगरि उहाँहरूप्रति पनि म सम्मान व्यक्त गर्न चाहन्छु ।

नेपालको अहिले नक्सामा समेटिएको भू-भाग नेपालको हो भन्ने कुरामा कुनै विवाद छैन । विगतमा टिष्टा र काँगडासम्म फैलिएको हाम्रो देश हामी सुगौली सन्धिबाट खुम्चिन पुग्यौं । हामीले सुगौली सन्धिबाट खुम्चिँदाखेरि त्यसलाई बाँधेर हामी अगाडि बढिरहेको शान्तिपूर्वक तरिकाले हामी अगाडि बढिरहेको अवस्थामा नेपालमा निरङ्कुश राजतन्त्र भएको मौकामा पारेर आफूलाई संसारकै ठुलो प्रजातान्त्रिक देश हाम्रो मित्र राष्ट्र भारतले सुरुमा भगौडा सेनाहरूलाई राख्नको लागि खोजिएको सेल्टरलाई जसरी आफ्नो नक्सामा राखेर कब्जा गर्ने प्रयास गरियो त्यसको विरुद्धमा राष्ट्रिय अखण्डताको पक्षमा अहिले सारा नेपालीहरू एकजुट भएका छन् । मैले यहाँ एउटा कुरा बडो गम्भीरतापूर्वक के भन्नै पर्छ भने अहिले भारतीय मिडियाहरूले जसरी अहिले प्रस्तुत भइरहेका छन् मैले हिजो मात्र प्रतिनिधि सभाको प्रत्यक्ष प्रसारण पनि हेरेको छु । त्यहाँ माननीय उपेन्द्र यादव, माननीय राजेन्द्र महतोले बोलेको कुराहरू पनि सुनेको छु । तर भारतीय मिडियाले कसरी प्रस्तुत

गऱ्यो पूर्व पराराष्ट्र मन्त्री, पूर्व उपप्रधानमन्त्री, फलानाले नेपाली सरकारको कलह खोलिदिया गलत प्रचारहरू गरियो । त्यति मात्र होइन, अहिले कोरोनासँग सम्बन्धित रहेर त्यसको व्यवस्थापनसँग सम्बन्धित रहेर केही युवाहरूले निकालेको ऱ्याली या विरोधलाई कसरी प्रस्तुत गरिएको छ भने यो नक्सा जुन नेपाल सरकारले प्रस्तुत गऱ्यो त्यसको विरुद्धमा नेपाली जनताहरू के.पी. ओली सरकारको विरुद्धमा सडकमा ओर्ले भनेर प्रस्तुत गरिँदैछ । अहिले पूर्व एक जना माननीयज्यूले पनि कुरा राख्नु भयो आफ्नो मनको व्यथा पोख्नु भयो म । पनि मधेसबाट प्रतिनिधित्व गर्दछु । म २ नं. प्रदेशबाट प्रतिनिधित्व गर्छु हाम्रो पनि एउटा नेपालको भूमिरक्षक, नेपालको बोर्डर रक्षक, अझै भन्ने हो भने मित्र राष्ट्रहरूमा समेत प्रताडित हामी मधेसका जनताहरू भइरहेका छौँ । उसले बाँधेका बाँधहरू, उसले बनाएका बाटाहरूले, हाम्रा जमिनहरू बनेका छन् । हामी वर्षामा बाढी, सुख्खामा हाम्रा पानी उता गएका छन् । हामी त्यहाबाट पीडित छौँ । तर पनि बोर्डरको रक्षा हामी गरिरहेका छौँ तर ........(समय सकिएकोले माइक काटिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय माया प्रसाद शर्मा ।

**माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):**- सम्माननीय अध्यक्ष महोदय, आज हाम्रो देश दास्रो पटक संविधान संशोधनको दिशामा अगाडि बढेको छ । नेपाली जनताले राष्ट्रियता, जनतन्त्र र जनजिवीकाका लागि अभूतपूर्ण सङ्घर्ष गरे । जनयुद्ध, जन आन्दोलन, मधेस आन्दोलन र लगायत तमाम् खालका आन्दोलनहरूबाट नेपालमा संविधान निर्माण, गणतन्त्रको घोषणा र फेरि हामी राष्ट्रियताको पक्षमा यहाँ बहस र छलफल गरिराखेका छौँ । यो अवसर दिनुहुने अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । यसका निमित्त घाइते योद्धाहरूप्रति उच्च सम्मान गर्न चाहन्छु । बेपत्ता योद्धाहरू हुनुहुन्छ उहाँको राष्ट्रले खोजी गरोस् अध्यक्ष मार्फत् नेपाल सरकारलाई ध्यान आकर्षण गराउन चाहन्छु र यो हामीले जसरी १९५० को २०१६ को असमान सन्धि जुन थियो त्यो सन्धि मार्फत् २०१९ सालदेखि लिम्पियाधुरा लगायतका लिपुलेक, कालापानी लगायतका भू-भागहरू भारतीय भूमिमा रहेको स्थिति, भनिएको स्थिति प्रचार गरिएको स्थिति जब रह्यो र त्यहाँ उत्तरी क्षेत्रमा रहेका सुरक्षा सैन्य पोष्टहरू १७ वटा ठाउँका हटे तर एउटा ठाउँको कालापानीमा रहेको सैन्य पोष्ट राखेर नेपाली भूमिलाई आफ्नो भूमिमा प्रचार गर्ने काम गर्ने र सेनाको त्यसमा रहेको फोर्सका कारणले नेपालले पनि तत्कालीन सरकारले पनि आफ्नो मत राख्न नसक्ने र फोर्सका कारणले त्यहाँ रहेका जनताले पनि त्यो भूमिलाई आवाद गर्न सक्ने स्थिति जब अगाडि बढ्दै गयो । ०३२ सालमा एउटा नक्सा निस्किँदा जब नक्सा भारतबाट निकालिने नक्सामा नेपालको हितमा अवश्य पनि हुँदैनथ्यो । त्यो नक्सामा पनि नेपालको चुच्चो हरायो र त्यसपछि विभिन्न प्रकारका आन्दोलनहरूबाट राष्ट्रियताको पक्ष, जनतन्त्रको पक्ष, र जनजीविकाको पक्षहरू उठ्दै गए । क्रमशः ती

संविधान बनेर गणतन्त्र घोषणा भएर राष्ट्रियताको खोजी, जनतन्त्रको जनजीविकाका निमित्त बजेटको तयारी हामी गर्दै आएका छौँ र नेपालको जिम्मा लिएका छौँ ।

यस्तो स्थितिमा जुन प्रकारको एउटा अभूतपूर्ण एकता फेरि एउटा एतिहासिक एकता भएको छ । जसले गणतन्त्र घोषणा गरेर यो देशमा सदाको निमित्त २४० वर्षभन्दा पहिलेको राजतन्त्रको अन्त्य गरेको थियो । जसले संविधान निर्माण गरेर एउटा संविधान सभामा मार्फत् अभूतपूर्व एकताबाट संविधान निर्माण गरेर एउटा नेपाली जनताको एउटा सशक्त तागत पैदा गरेको थियो । फेरि राष्ट्रियताको पक्षमा एकताबद्ध तागत गरेर हिजो प्रतिनिधि सभाबाट एकमतका साथ हाम्रो संविधान संशोधन भएको छ । आज हामी राष्ट्रिय सभामा यसको बहस र छलफल गरिराखेका छौँ । मलाई लाग्छ यो स्थिति सिर्जना गर्नका निम्ति नेपाल सरकार नेपाल सरकारको नेतृत्वमा रहेका प्रधानमन्त्री तथा हाम्रो पार्टीका अध्यक्ष, हाम्रो पार्टी जसले त्यो नेपाल सरकारलाई निर्देशन गर्ने नेपाल कम्युनिष्ट पार्टी नेपाल कम्युनिष्ट पार्टीका द्वय अध्यक्ष र आफ्नो पार्टीलाई राष्ट्रिय एकतामा एकताबद्ध गर्ने नेपाली काँग्रेस जसले सशक्त प्रतिपक्षको भूमिका निर्वाह गरिराखेको छ । भर्खरै बनेको जनता समाजवादी पार्टी जसले राष्ट्रियताको नयाँ मामिलामा एकताबद्ध भएर जाने अभियान सङ्कल्प गरिराखेको छ । यो एउटा राष्ट्रिय एकता जसरी जुटिराखेको छ ।

यो एकता सदैव रहिराखोस् । देशका निमित्त फेरि आज सशक्त एकतमा रहोस् । हिमाल, पहाड, तराई, मधेस सबै एकतावद्ध सबै राजनीतिक दलहरू एकताबद्ध भएको छ । एकताबद्ध तागतले मात्र यो देशलाई उँभो लगाउन सकिन्छ भन्ने कुराको एउटा सबैले जानकारी सबैले एउटा पाराको जुन प्रकारको आत्मबोध भएको छ । यसका निमित्त नेपाल सरकारलाई म धेरै धेरै धन्यवाद दिन चाहन्छु । हामी जसरी फेरि पनि अब यो जसरी अगाडि बढ्ने कुराहरू जनजीविकाका सबैालहरू पनि छन् यहाँ गरिब भुई मान्छेहरू छन् भुई मान्छेको सरकार बनेर नेपालको सरकार बन्न सक्छ कि सक्दैन ? त्यसलाई हामीले फेरि एउटा अर्को बहसमा लिएर राष्ट्रिय एकताबाट नै फेरि जनजीविकाका सम्बन्धित सबैालहरूलाई पनि पार लगाउने छौँ र यो देश साँच्चिकै राष्ट्रियता, जनतन्त्र र जनजीविकाबाट ओतप्रोत भएको नयाँ देश, नयाँ नेपाल, नयाँ एकताबद्ध भएको एउटा अभूतपूर्ण एकता सहित अगाडि बढेको सफल समृद्ध देश बनाउन हामीले प्रयत्न गर्नेछौँ । .....(समय सकिएकोले माइक काटिएको) ।

**सम्माननीय अध्यक्षः-** माननीय गोपी बहादुर सार्की (अछामी) ।

**माननीय श्री गोपी बहादुर सार्की (अछामी) (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारको तर्फबाट संविधानको धारा ९ उपधारा (२) अनुसूची-३ को चाहिँ निसान छाप परिवर्तनको लागि ल्याइएको संविधानको दोस्रो संशोधन २०७७ जुन प्रस्तावित छ यसको बारेमा सैद्धान्तिक छलफल भइराखेको छ । म सर्बैप्रथम त

नेपाल सरकार, नेपाल कम्युनिष्ट पार्टी र सम्पूर्ण राजनीतिक दल र विशेष गरेर नेपाल सरकारलाई यसको लागि हार्दिक धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु । यो प्रस्तावको दृढतापूर्वक समर्थन गर्न चाहन्छु । हामीले हिजोदेखि भन्दै आएका थियौं राष्ट्रियता, जनतन्त्र, जनजीविका र विशेष गरेर नेपाल राष्ट्रको र नेपाली जनताको सार्वभौमिक अधिकारको निम्ति राष्ट्रको स्वाधीनताको निम्ति, यसको स्वाभिमान, अखण्डता र आत्मगौरवको निम्ति नेपाली जनताले पटक-पटक शान्तिपूर्ण र सशक्त गरी जनसङ्घर्षहरू क्रमशः गर्दै ती आवाजहरू बुलन्दित गर्दै आइराखेकै स्थितिको बीचमा आज हामी एउटा सौभाग्य पाइराखेका छौं नेपाली जनताले नेपाल राष्ट्रले र हामी राजनीतिक पार्टी र दलहरूले एउटा सौभाग्य पाइराखेका छौं । गुमेको भूमि फिर्ता लिने । नक्सा जारी भइसकेको छ र अब हामी संविधान संशोधन भएपछि त्यो निसान छापको रूपमा पनि आउँछ र एउटा गौरवपूर्ण आधार बन्न लागिराखेको छ र यसको लागि हामी सबै गौरावान्वित छौं । यसको लागि सबै नागरिक समाज, यसको पक्षमा आवाज उठाउने सबै बृद्धिजीविहरू, राजनीतिक दल र सरकारलाई धन्यवादको पात्र छ । म फेरि विशेष गरेर धन्यवाद दिन चाहन्छु ।

हामीलाई लाग्छ हिजो यो नेपाली जनताको परिवर्तनको, विकासको र समृद्धिको लागि र न्यायपूर्ण अधिकारको सुनिश्चितताको लागि बाधकको रूपमा रहेको दुई वटा मुख्य दुष्मनहरू थिए । त्यसमा एउटा सामान्तवाद थियो अर्को विस्तारवाद भनुँ या साम्राज्यवाद भनुँ अहिले हामी यसलाई विस्तारवादको रूपमा बुझौं यो चाहिँ नेपाली जनताको लागि चुनौतीको नेपाल राष्ट्रको लागि चुनौतीको विषय थियो । हामीले सामान्तवाद परास्त गऱ्यौं । १९ दिनको जनआन्दोलन, ६२/६३ को जनआन्दोलन, १० वर्षको जनयुद्ध र पटक-पटक गरिएका शान्तिपूर्ण र सशस्त्र क्रान्तिको माध्यमद्वारा हामीले सामान्तवादलाई अन्त्य गऱ्यौं । अहिले हामी अब राष्ट्रको स्वाधीनताको रक्षाको लागि हामी हाम्रो बीचमा आएको, नेपाली जनताको बीचमा आएको, चुनौतिको रूपमा आएको त्यो विस्तारवादलाई परास्त गर्नु पर्ने एउटा लडाइँको मोर्चा कुटनीतिक लडाइँको राजनीतिक लडाइँको र व्यवहारिक लडाइँको मोर्चा सम्हालिइ राखेका छौं । हाम्रो राष्ट्रका प्रधानमन्त्री, नेपाल सरकारका प्रधानमन्त्री र हाम्रो पार्टीका अध्यक्ष आदरणीय सम्माननीय के.पी.शर्मा ओलीज्यूले त्यसको नेतृत्व गरिराख्नु भएको छ र सबै राजनीतिक पार्टीहरूको बीचमा एउटा अद्‌भूत खालको राष्ट्रिय एकता, एउटा समझदारी जस्तो बनिराखेको छ, यो असाध्यै महत्वपूर्ण र गौरवको विषय पनि हो । हामीले पटक-पटक यस्ता खालका राष्ट्रिय महत्वका issue हरूमा चाहे त्यो चाहिँ १२ बुँदे समझदारी होस्, चाहे त्यो चाहिँ शान्ति प्रक्रिया होस्, चाहे संविधान निर्माण होस्, चाहे त्यो महाविपत्तिको बेला होस् । त्यसबेलामा राष्ट्रिय एकता गर्ने गरेका छौं र एउटा कल्चरको रूपमा पनि त्यो स्थापित छ । अब अहिले हामी आफ्नो राष्ट्रको भूमि फिर्ताको लागि लिम्पियाधुरा, लिपुलेक, र कालापानीको फिर्ताको लागि जसरी राष्ट्रिय एकता कायम गरेर अगाडि बढिराखेका छौं । एउटा खालको असाध्यै ऐतिहासिक सुवर्ण अक्षरले लेखिने एउटा महत्वपूर्ण कार्य हामी अगाडि बढाइराखेका छौं । १८१६ को सन्धिको आधारमा त्यसपछि भएका जनगणना, त्यसपछि भएका मतदानहरूमा त्यहाँको जनताको सहभागिता, त्यहाँको एउटा प्राकृतिक, त्यहाँको एउटा ऐतिहासिक, त्यहाँका मौलिक खालका जुन ऐतिहासिक

आधारहरू छन्, कुटनीतिक पहल, राजनीतिक पहल र वार्ताको माध्यमबाट यो समस्याको समाधान गरिनु पर्छ र राष्ट्रलाई निकास दिनु पर्छ र सँधैभरि यो बल्झिराख्ने सीमा सम्बन्ध, अन्तर्राष्ट्रिय सम्बन्ध दुई देश बीचको सम्बन्धलाई यो पटक हामीले समाधान गर्ने पर्छ र त्यो गर्ने ठाउँमा हामी छौं । यसको लागि हामी अगाडि बढौं भन्दै म यो प्रस्तावको दृढतापूर्वक समर्थन गरेर मेरो भनाइ अन्त्य गर्न चाहन्छु । हवस्त अभिवादन । नमस्ते ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय शारदा देवी भट्ट ।

<u>**माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**</u>ः- सम्माननीय अध्यक्षज्यू, नेपाल सरकारद्वारा लिम्पियाधुरा, लिपुलेक, कालापानी समेटिएको नेपालको वास्तबिक नक्सालाई नेपालको संविधान, २०७२ को अनुसूचि-३ मा नयाँ निशान छाप समावेश गराउन गरिएको संविधान संशोधन प्रतिनिधि सभामा सर्वसम्मत पारित भएकोमा म नेपाल सरकार, सम्पूर्ण राजनीतिक दल, हाम्रा प्रधानमन्त्रीज्यू तथा राष्ट्रका राष्ट्रभक्त नेपाली जनतालाई हार्दिक बधाई दिन चाहन्छु । अध्यक्ष महोदय, सुदूरपश्चिमको दार्चुला जिल्लामा पर्ने लिम्पियाधुरा क्षेत्र नेपालको भूभाग हो भन्नेमा दुई मत छैन । यो भूभाग नेपालको थियो र सदा रहने छ भन्नेमा कुनै विमति छैनौं । तत्कालीन अंग्रेज सरकार र नेपालीबीच भएको सुगौली सन्धिमा उल्लेख भएको नेपालको भूभाग जाल साजी गरी भारतले कब्जा गरेको तथ्य प्रमाणको घाँटी निमोठी नेपालको लिम्पियाधुरा क्षेत्रलाई गलत नियतले इतिहास सबैलाई सर्वविधितै छ । सुगौली सन्धिपक्ष नेपालको भूमि के कसरी गुम्यो ? त्यो अनुसन्धानको विषय त छ नै । तर अहिलेको सरकारले त्यसबेला भएका गल्तीमा लापरबाहीलाई अहिले सच्याएर कार्य गरी नेपाल सरकारले शिर उठाउने काम। शिर ठाडो गरेको छ । सारा नेपालीलाई गौरबको अनुभूति गराएको छ । यसमा नेपाल सरकारलाई बधाईको पात्र छ, धन्यवाद दिन चाहन्छु । अध्यक्ष महोदय, लिम्पियाधुरा सहितको क्षेत्र हामीले आफ्नो नक्सामा समावेश त गर्‍यौं तर भूभाग फिर्ता ल्याउन बाँकी नै छ । यस नेपालको भूभाग अहिले पनि भारतीय सैनिकको बुट बजारिरहेको छ । यो स्वाभिमानी नेपालीलाई कतै पनि मान्य छैन ।

अध्यक्ष महोदय, यस नेपालको भूमिलाई फिर्ता ल्याउनको लागि दुई देशबीच कुटनीतिक वार्ता गरी जसरी विश्वका ठुला ठुला समस्या वार्ताबाटै समाधान भएको छ । यो समस्याको समाधान पनि वार्ताबाटै हुन्छ भन्नेमा पूर्ण विश्वस्त छु । त्यसैले यथाशीघ्र भारतलाई वार्तामा ल्याउनु जरुरी छ । यसमा नेपालले आफ्नो कुटनीतिक क्षमता देखाउन जरुरी छ किनभने भारत सधैं वार्ताबाट पन्छिन खोजिरहेको सर्वविधितै छ । अहिले भारतबाट वार्ताको टेबुलमा ल्याउनु चुनौति अवश्य छ । तर सम्भव छ, असम्भव छैन । जसरी हामी सबैले एक ढिक्का भएर नेपालको नयाँ नक्सा जारी गर्‍यौं । यसरी नै भारतलाई वार्तामा ल्याउन सकिन्छ भन्ने मेरो पूर्ण विश्वास छ र गर्नु पनि पर्दछ । अध्यक्ष महोदय, म

पनि लिम्पियाधुरा रहेको सुदूरपश्चिमकै बासिन्दा हो । त्यहीँबाट यस सम्मानित सभाको प्रतिनिधित्व गर्ने हुँदा विशेष लगाब त छ नै । अहिले त्यो भूमि नेपालको नक्सामा समावेश भएको देख्दा गर्व अनुभूति र सन्तोषकोभ भाव महशुस भइरहेको छ र हर्षित पनि छ, खुसी पनि छु । जसरी नेपालको नक्सामा लिम्पियाधुरा सहितको भूभाग देखेँ त्यसरी नै एकदिन अवश्य पनि भूभाग फिर्ता भएको देख्न पाउनेछु भन्ने पूर्ण विस्वस्त छु, पूर्ण आशामा छु । अध्यक्ष महोदय, फेरि पनि यस गौरबमय क्षणका लागि सम्पूर्ण नेपालीलाई र नेपाल सरकारलाई हार्दिक बधाई दिन चाहन्छु र म भन्न चाहन्छु हामी वीर नेपालीका सन्तान हौँ । अझ पनि सबैले भन्छन्, कसरी ल्याउने ठुलो समस्या छ, हाम्रो भूभाग अब हामी कसरी ल्याउँछौँ ? नक्सामा त ल्यायौँ भन्ने कसै-कसैबाट कुरा सुनिन्छ । यस्तो खुट्टा कमाएर गर्ने काम होइन । हामीले साहशपूर्वक दृढतापूर्वक उभिएर आफ्नो भूमि फिर्ता ल्याउनु पर्छ । त्यहाँ हाम्रा अघि एउटा माननीयज्यूले भन्नु भएको थियो । हाम्रा बासिन्दा त्यो छेउछाउमा बसेका छन् । उनीहरूलाई अवश्य दुःख छ । भारतीय प्रहरीहरूले धेरै दुःख दिइरहेका छन् । अनेक घटना घटाइरहेका छन् । त्यसैले म नेपाल सरकारलाई के भन्न चाहन्छु भने अब खुट्टा कमाएर हुँदैन । हाम्रो त्यति मात्र होइन, पूर्वदेखि महाकालीसम्म, टिष्टादेखि मेचीसम्म धेरै भूभाग मिचिएको छ । त्यो पनि यही अवसरमा हामीले फिर्ता ल्याउने कार्यक्रम गर्नु पर्छ । तारबारको व्यवस्था गर्नु पर्छ । ........... (समय सकिएको हुँदा माइक काटिएको) ।

**पिठासीन**ः माननीय उपाध्यक्ष श्री शशिकला दाहाल ।

**सम्माननीय अध्यक्ष**ः- माननीय भगवती न्यौपाने । यसपछि माननीय जीवन बुढा ।

**माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्ष महोदय, आज हामी अत्यन्तै खुसीको क्षणमा छौँ । अत्यन्तै, सुखद् क्षणमा छौँ । नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, हिजो मात्रै प्रतिनिधि सभाको सम्मानित सदनबाट पारित भएको छ । आज हामी सोही विधेयकको सवालमा सम्मानित राष्ट्रिय सभामा छलफल गर्दैछौँ । आज सम्पूर्ण नेपाली जनताको अनुहारमा खुसीको दीप प्रज्वलित भएको छ । सम्पूर्ण जनता हर्षोउल्लास छन् । हामी अत्यन्तै हर्षित छौँ । नेपालको संविधानमा जुन निशान छाप अध्यावधिक नक्सालाई समेटेर खोसिएको भूमि, मिचिएको भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानीलाई समेटेर समावेश गरेर जुन निशान छापको सन्दर्भमा संविधान संशोधन गर्ने सवालमा आज हामी राष्ट्रिय एकतामा उभिएका छौँ । सर्वप्रथम त म नेपाल सरकार जसले अभूतपूर्व यो ऐतिहासिक निर्णय गऱ्यो । म नेपाल सरकार र सरकारको नेतृत्व गर्ने सम्माननीय प्रधानमन्त्रीज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यो हाम्रो पुर्खाको वीरताले रचेको इतिहासलाई कायम गर्ने यो जुन खालको ऐतिहासिक निर्णय हो । यसले आम नेपालीलाई अत्यन्तै खुसी दिलाएको छ । म यसै सर्न्दभमा जुन नेपालका जनताहरू राष्ट्रियताको भावले ओतप्रोत भएर, हाफ्नो शरीर टुक्रा-टुक्रा होस् । नेपाली जनता आफ्नो

मुटु झिक्न तयार छन् । तर आफ्नो भूमि मिचिएको कुरा सहन सक्दैनन् । तिनै नेपाली राष्ट्रियताको भावले ओतप्रोत भएका नेपाली जनताप्रति सम्मान व्यक्त गर्न चाहन्छु । जो सीमामा बसेर आफ्नो भूमिको रक्षाको निम्ति लड्दै आए, सङ्घर्ष गरे, जो नेपालीले आफ्नो सीमा रक्षाको निम्ति रगत बगाए तिनै नेपालीहरूलाई म सम्मान व्यक्त गर्न चाहन्छु । म स्मरण गर्न चाहन्छु । जसले भारतहरूका विरुद्ध हाम्रो भूमि मिच्ने भारतका विरुद्ध धावा बोल्दै सीमानामा गएर मार्चपास गर्ने अग्रजहरू आदरणीय नेताहरूप्रति पनि म सम्मान व्यक्त गर्न चाहन्छु । त्यो इतिहासको स्मरण गर्न चाहन्छु । आज जुन खालको अभूतपूर्व राष्ट्रिय एकता हामीले प्रदर्शन भएको छ । राष्ट्रियताको सवालमा यद्यपि हामी घरभित्रका सवालमा, घरभित्रका मुद्दाहरूमा बहस गर्छौं होला, छलफल गर्छौं होला, वादविवाद गर्छौं होला तर राष्ट्रियताका सवालमा अभूतपूर्व एकता प्रदर्शन गर्न सकेका छौं । यो अत्यन्तै खुसीको कुरा हो । यस कारणले गर्दाखेरि यसले एउटा सन्देश दिन सकेको छ । राष्ट्रिय एकता कायम गर्न सक्दा हामी कहिल्यै कसैको सामु झुक्न पर्दैन । हामी कसैका सामु घुँडा टेक्न पर्दैन । हामीले कहिल्यै हार्दैनौं । त्यसैले राष्ट्रियताको सवालमा यो अहिले कायम भएको एकता अहिले प्रदर्शन भएको राष्ट्रिय एकतालाई बचाई राखौं, जोगाई राखौं । राष्ट्रिय एकता कायम गरेर अगाडि बढौं । हामीले हाम्रो खोसिएको, मिचिएको भूमि नेपालकै स्वामित्वमा ल्याउन सक्छौं भन्ने हामीलाई विश्वास छ । इतिहासले पुष्टि गरेको छ । नेपाल सरकारले पटक-पटक प्रधानमन्त्रीज्यूले भन्नु भएको छ, माननीय मन्त्रीज्यूहरूले भन्नु भएको छ । इतिहासकारहरूले बताउनु भएको छ । लेखकहरूले बताउनु भएको छ । बुद्धिजीविहरूले बताउनु भएको छ । लम्पियाधुरा नेपालको हो, लिपुलेक नेपालको हो । कालापानी नेपालको हो । जुन काली नदी सीमा हो । वास्तबमा अन्तर्राष्ट्रिय मान्यता एउटा यस्तो छ । जो नदीलाई सीमाना मान्ने गरिन्छ । वास्तबमा त्यो नदी धेरै लामो हुने गर्दछ, गहिरो हुने गर्दछ । अन्तर्राष्ट्रिय मान्यता यही हो । तर भारतले सुगौली सन्धिमा यद्यपि हामीले थुप्रै जमिन गुमायौं । थुप्रै हाम्रो भूमि एक तिहाई हाम्रो भूमि गुमायौं । तर सुगौली सन्धिको एक हप्ता पछाडि इष्ट ईण्डिया कम्पनीले जारी गरेको नक्सामा समेत लिम्पियाधुराबाट बग्ने काली नदीलाई सीमाना मानेको छ । त्यसरी नक्सा प्रकाशित गरेको छ । तर बिस्तारै भारतले गलत इन्ट्रेष्ट राखेर लिपुलेकबाट बग्ने एउटा खोल्सोलाई, एउटा शाखा नदीलाई यहीँ काली नदी, यहीँ हो सिमाना भनेर जुन खालको व्यवहार गऱ्यो, जुन खालको एउटा गलत...... (समय सकिएको हुँदा माइक काटिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जीवन बुढा । यसपछि माननीय शेर बहादुर कुँवर ।

**<u>माननीय श्री जीवन बुढा (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)</u>**:- सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधान संशोधनको (दोस्रो संशोधन), २०७७ को सैद्धान्तिक पक्षमाथि छलफल हुँदैछ यो सम्मानित सदनमा । धेरै माननीय सांसदज्यूहरू बोलिसक्नु भएको छ । यो नेपालको संविधान संशोधनसँग सम्बन्धित रहेर म केही आफ्ना विचारहरू अगाडि सार्ने

अनुमति चाहन्छु । पहिलो कुरा नेपाल सरकारले नेपालको संविधान संशोधन गर्नको निम्ति जुन विधेयक ल्याएको छ । यसलाई म हृदयदेखि सम्मान गर्छु र नेपाल सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । आदरणीय नेतृत्वप्रति मैले सम्मान व्यक्त गर्न चाहन्छु । जुन नेपालको भूमिसँग, नेपालको माटोसँग र सिङ्गै नेपाली जनताको भावनालाई छुने र नेपालको सर्वाभौमिकता, भौगोलिक अखण्डतासँग सम्बन्धित सिङ्गो नेपालको भूमि समेटिएको नक्सा हामीले हाम्रो निशान छापमा अङ्कित गर्नको निम्ति संविधान संशोधनको प्रस्ताव लिएर आएको छ नेपाल सरकार । यसको मैले हृदयदेखि समर्थन गरेको हो । यो हाम्रो पुर्खाले बलिदान गरेर, त्याग गरेर, तपस्या गरेर आर्जित गरेको भूमि आज हामी यसको रक्षा, यसको सीमा व्यवस्थापन, अतिक्रमणको अन्त्य, सीमा सुरक्षाको कुरालाई लिएर हामी व्यवस्थित रूपले वहस गर्ने अभियानमा छौँ र हामी छलफल गर्दैछौँ । यो बेला म सम्झन चाहन्छु कि आफ्नो जीवन दिएर हामीलाई स्वर्णीम भूमि दिने वीरहरू बलभद्र आज हामीसँगै छन् जस्तो लाग्छ । उनीले यो नेपाल सम्झेर, नेपाली जनतालाई सम्झेर, हामी आजको सन्ततिलाई सम्झेर रगत नबगाएको भए । अङ्ग्रेजको विरुद्धमा पानी नखाएर प्याक-प्याक पर्दै र त्यहाँका घाँसका मुन्टाहरू खाएर नलडेको भए सायद हामी पनि हुँदैनथ्यो होला । हाम्रो यो भूमि पनि हामीसँग हुँदैनथ्यो होला । उहाँप्रति मैले गहिरो सम्मान व्यक्त गर्न चाहन्छु ।

यहा हाम्रो भूगोल जति थियो । विगत १८१६ को सन्धिले निर्धारण गरेको नेपालको पश्चिम सीमा र पूर्वको सीमालाई हेर्ने हो भने पश्चिमी सीमा त्यतिबेलाको सन्धिको धारा ५ मा उल्लेख छ । यो सन्धिको धारा ५ ले बोलेको छ कि लिम्पियाधुरा काली नदीपूर्वको भूगोल सबै नेपालको हुनेछ । त्योभन्दा पश्चिमको भूगोल हिन्दुस्तानको हुनेछ भनेर त्यतिबेला नेपाल राज्य र इष्ट ईण्डिया कम्पनीबीचमा सहमति भएको छ । यो सहमति अनुकूल पनि हाम्रो नक्सा थिएन । यो सम्झौता यो सन्धि अनुकूलको बनाउनको निम्ति पनि हामीले हाम्रो नक्सा संशोधन गर्नु पर्थ्यो । पुनर्लेखन गर्न पर्थ्यो । हाम्रो संविधानमा रहेको नक्सा अङ्कित निशान छाप पनि हामीले संशोधन गर्नु पर्ने थियो । तर यसका कार्यको निम्ति आएको संविधान संशोधनको प्रस्तावलाई सम्पूर्ण नेपाली जनता र सबै नेपालीले सम्मान नगरिरहन बिल्कुल पनि सक्दैनन् । यसको विपक्षमा र विरुद्धमा कोही पनि बोल्न सक्ने साहस र हिक्मत गर्दैनन् । किनकि जो असल नेपाली हो । नेपालको स्वच्छ भावना बोक्छ । राष्ट्रप्रति र जनताप्रति इमान्दारीताका साथ नेपालको स्वच्छ भावना बोक्छ । राष्ट्रप्रति र जनताप्रति इमान्दारीताका साथ आफ्नो जीवन बाँच्न चाहन्छ ऊ सबैले यसको पक्ष लिन्छ । यसको पक्षमा उभिन चाहन्छ । म अर्को कुरा के पनि भन्छु भने हामीले यदि भारत सरकारले स्वीकार गरेको र नेपालले पनि स्वीकार गरेको १८१६ को सन्धिलाई सम्मानपूर्वक भारत सरकारले पालना गर्ने छ । यसप्रति इमान्दारितापूर्वक अपेक्षा राख्दछु । दोस्रो कुरा, हामीले जो भूगोल समेटेर ५९ वर्ष हामीसँग नरहेको कालापानीको भूगोललाई नक्सामा समेटेर हामीले नक्सा जारी गरेका छौँ र नेपालको संविधान संशोधन गरेका छौँ । हामीले भारतको भूमि भागेका होइनौँ । ५९ वर्ष नेपालको भूमि भारतले प्रयोग गरेको थियो । त्यो छोड अब हाम्रो भूमि हामीलाई नै चाहिन्छ मात्रै भनेका हौँ । त्यसो भएको हुँदा भारतसँग उत्तेजित

हुने, निहुँ खोज्ने कुरा केही छैन । हामीले आफ्नो भूमि फिर्ता लिनको निम्ति पेश गरेको प्रस्ताव र संशोधन भएको संविधानको भारत सरकारले स्वागत गर्नेछ, सम्मान गर्ने छ । नेपालको भूमि सगर्वका साथ फिर्ता गर्नेछ र आफ्नो सेना फिर्ता लिनेछ भन्ने कुरामा पूर्ण विश्वास राख्दछु । किनकि म यही कुराको आह्वान गर्न चाहन्छु । जहाँसम्म हामीले आज नक्सा मात्रै पारित गरेका छौँ । संविधान मात्रै संशोधन गरेका छौँ । हामीलाई हाम्रो भूमि कागजमा होइन, जमिनमा नै चाहिएको छ । नेपालीहरू जमिन प्राप्त भएर हामीले भोग गर्न नपाउँदासम्म हामी लगातार सङ्घर्ष गर्नु पर्ने । हिजो प्रतिनिधि सभामा जुन यो संविधान संशोधनको प्रस्ताव पारित हुँदा नेपालको सार्वभौम सत्ता र भौगोलिक अखण्डता, स्वाभिमानमाथि व्यक्त भएको एकता अभूतपूर्वक एकतालाई हामी जमिन प्राप्त नगर्दासम्म अतिक्रमित...... (समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय शेर बहादुर कुँवर । यसपछि माननीय राम लखन चमार ।

**माननीय श्री शेर बहादुर कुँवर (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्षज्यू, आज हामी अत्यन्त उत्साहित भएका छौँ । यस मानेमा उत्साहित भएका छौँ कि आज हाम्रो देशमा सबैतिरबाट अद्भूत एकता प्रकट भएको छ । आज हाम्रो विविधताको बीचमा पनि हामी नेपालीहरू एकतामा उभिन्छौँ भन्ने कुराको प्रमाण आज पेश भएको छ । दलिल पेश भएको छ । यसकारण हामी अत्यन्त खुसी छौँ । नेपाल सरकारले नेपालको संविधानको धारा ९ उपधारा (२) को अनुसूचि-३ मा रहेको निशान छापलाई व्यवस्थापन गर्नको लागि जुन विधेयक प्रस्तुत भएको थियो प्रतिनिधि सभामा हिजो मात्र दुई तिहाई बहुमत मात्र होइन, सर्वसम्मतका साथ त्यो विधेयक पारित भएको छ र देशमा एउटा नयाँ एकता कायम भएको छ । हामी यो सभामा उपस्थित भइरहँदाखेरि विभिन्न क्षेत्रको प्रतिनिधित्व गरेर उपस्थित भएका छौँ । आज हामीले ती क्षेत्रको महशुस होइन । हामी समग्र नेपाली हौँ । हामी समग्र नेपालको प्रतिनिधित्व गरेका छौँ भन्ने कुरा सबैको मन मस्तिष्कमा र आवाजमा प्रकट भएको छ । यो नै हाम्रो लागि खुसीको कुरा हो । सबभन्दा पहिला अध्यक्ष महोदय, म यो विधेयकको समर्थन गर्दछु जो हिजो प्रतिनिधि सभाबाट पारित भएर आज हाम्रो सभामा टेबुल भएको छ । यसलाई हामी पनि एक मतका साथ पारित गर्ने छौँ र हामी कुनै विभाजित हुने छैनौँ भन्ने विश्वास मलाई लागेको छ । त्यसैले हाम्रो सरकार जो नेपाल कम्युनिष्ट पार्टीको सरकार छ । जुन पार्टीले हामीलाई यहाँ प्रतिनिधित्व गराएको छ र एउटा संसदको सदस्यको हैसियतले अहिले यो हैसियत प्रदान गरेको छ । म त्यो पार्टी, नेपाल कम्युनिष्ट पार्टी त्यसका नेतृत्व र त्यो पार्टीको सरकार र त्यो पार्टीको सरकारका सम्माननीय प्रधानमन्त्री के.पी.ओली र उहाँको नेतृत्वको सरकारलाई हार्दिक-हार्दिक धन्यवाद दिन चाहन्छु । जसले यो साहस निर्णय गरेको छ । १९६० पछि भारतीय सेना कालापानीमा बस्न थालेको हो । १९६० मा अङ्ग्रेज र चीनको लडाइँ पनि चीनद्वारा पराजित भइसकेपछि

भारतीय सेना त्यहाँ बसेको थियो । भनिन्छ, हाम्रो पश्चिमा उखान छ अध्यक्ष महोदय, पहिला बास खोज्दा, त्यसपछि गाँस खोज्दा, त्यसपछि मजियात खोज्दा । अर्थात् मान्छे पहिला यसो ओरालो लाग्न खोज्छ, त्यसपछि खान खोज्छ, त्यसपछि त्यो घरै कब्जा गर्न खोज्छ । भएको त्यही हो । १९६० मा चीनबाट पराजित भइसकेपछि त्यहाँ बसे, पछि ओत लागे, त्यो ओत लागिसकेपछि अब त यो भूमि नै कब्जा गर्नु पर्छ भन्ने मान्यता बोकेर भारतीय सेना त्यहाँ बसेको छ । र भारतीय सरकारले त्यो अतिक्रमण गरेको छ । त्यसको हामीले बारम्बार विरोध गर्‍यौं । बिगतदेखि, दशकौंदेखि त्यसको विरोध हुँदै आएको छ । अहिले हामी पनि विरोध गरेका छौं । योभन्दा पहिलाकाहरूले पनि विरोध गरेका थिए । भारतीय अतिक्रमण हामी सहँदैनौं । हाम्रो देशको राष्ट्रियता, हाम्रो देशको सार्वभौम सत्ता र हाम्रो देशको भौगोलिक अखण्डता र हाम्रो एक चिम्टी माटोको लागि पनि हामी नेपालीहरू एक ठाउँमा उभिन्छौं र हामी जहिले पनि यसको विरोध गरिरहन्छौं भन्ने मान्यता हामीले बोकेका थियौं । त्यो हाम्रो मान्यता आज संसदमा प्रकट भएको छ । हिजो प्रतिनिधि सभामा प्रकट भयो । यसले देशव्यापी रूपमा एउटा खुसीयाली छाएको छ । देशव्यापी रूपमा एउटा मान्छेहरूले बत्ती बालेर यसको स्वागत गरेका छन् । त्यसकारण अध्यक्ष महोदय, हाम्रा विगतका प्रमाणहरू, सन्धि, सम्झौताहरू, पूरक सन्धिहरू, २०१५ को मतदाता नामावली, २०१८ को जनसङ्ख्या जुन जनगणना गरिएको थियो । त्यति मात्रै होइन, त्यहाँका जनताले तिरेको मालपोत, त्यहाँका जनताले तिरेको बालीका प्रमाणहरू हामीसँग छन्. । त्यतिमा होइन, भारत सरकारले जारी गरेको नक्सा अहिलेको होइन, त्यो विगतमा जारी गरेको नक्सामा पनि त्यो क्षेत्र हाम्रो रहिआएको छ । अहिले हामी भन्न चाहन्छौं । यो बीचमा आएर त्यो क्षेत्रलाई अतिक्रमण गरेर जुन खालको रवैया भारत सरकारले अपनाउन खोजेको छ । किमार्थ पनि हामीलाई सैह्य हुने छैन । हामी चाहन्छौं हाम्रा मित्र शक्ति, हाम्रा मित्र छिमेकीहरू बलिया हुन्, शक्तिशाली हुन् सँगसँगै असल पनि हुन् । आफ्ना छिमेकीहरूसँगको व्यवहार असल ढङ्गले प्रस्तुत गरुन् । हामी सानो हौंला, भूमिको हिसाबले सानो हौंला तर हाम्रो इज्जत, प्रतिष्ठा कुनै देशकोभन्दा सानो छैन । हाम्रा पुर्खाहरूले कमाएको इज्जत, प्रतिष्ठा जो छ । त्यो प्रतिष्ठा कुनै पनि देशकोभन्दा सानो छैन । चाहे अहिले विश्वका शक्तिशाली जुनसुकै हुन् । जहिले हाम्रा पुर्खाहरूले जुन आर्जिको इतिहास हो । त्यो इतिहासबाट हामी ब्याज खाइरहेका छौं । अब ब्याज मात्र खाने होइन, इतिहास निर्माण पनि गर्ने हो । यो इतिहास निर्माणको लागि जुन सरकारले अहिले कदम चालेको छ । अत्यन्त यो स्वागत योग्य छ । यो सम्मान योग्छ छ, यसलाई हामीले समर्थन गर्नु पर्छ र यो सरकारले .......... (समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय राम लखन चमार । यसपछि माननीय चक्र प्रसाद स्नेही ।

**माननीय श्री राम लखन चमार (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी अत्यन्त खुसी छौँ र हर्षित छौँ । यसको एउटै कारण छ, लामो समयदेखि गुमेको हाम्रो भूभागलाई संविधानतः संविधानको सूचीमा परिवर्तन गर्ने गरी आएको संशोधन प्रस्ताव जो हिजो प्रतिनिधि सभाबाट सर्वसम्मत ढङ्गले पारित भएको छ र आज राष्ट्रिय सभामा प्रस्तुत भएको छ । यो विषयमा बोलिरहँदा अत्यन्तै गौरवान्वित भएको छु । हाम्रो नेपालको भूभाग कालापानी, लिम्पियाधुरा, लिपुलेक सहितको भूभागलाई समेटेर अस्ति भर्खरै नक्सा जारी भइसकेको छ । सबैभन्दा पहिला यो महान् कामको लागि अग्रसरता देखाउने, अगाडि बढ्ने नेपाल सरकारका प्रधानमन्त्री लगायत सिङ्गो मन्त्रिपरिषद्लाई आभार प्रकट गर्न चाहन्छु र अभूतपूर्व राष्ट्रिय एकता जुन हिजो प्रदर्शन भएको छ । म सबै राजनीतिक पार्टीका नेताज्यूहरूमा धन्यवाद दिन चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, हाम्रो नेपालको सीमानामा विगतदेखि नै ठाउँ-ठाउँ अतिक्रमण हुँदै आएको छ । विगतमा हामी ठाउँ अनुसारको विषयमा कुरा गरिरहेका थियौँ । भारतसँग वार्ता हाम्रो धेरै पटक भएका छन् । तर यो लिम्पियाधुरा, लिपुलेक, कालापानी अब हाम्रो वार्ताको मूलधुरी बनेको छ । त्यसपछि हाम्रो नेपालको अरु अन्यत्र ठाउँमा पनि सीमाना मिचिएका छन् । तिनी अब सहायक मुद्दा बनेर ती सबै अब एउटा प्याकेज मै छलफल हुने वातावरण बनेको छ । त्यसकारणले सिङ्गो नेपाली जनता अत्यन्तै हिजोदेखि खुसी भएका छन् । सम्माननीय अध्यक्ष महोदय, हामीले देखेका छौँ, भोगेका छौँ । नेपालमा बसोबास गरिहरने हामी सबै नेपालीले चाहे गण्डकको मुद्दा होस्, सुस्ताको मुद्दा होसे चाहे बाँके कलवाहको होस् या झापातिरको या मोहना नदीको यो विभिन्न ठाउँमा या दुई नम्बर प्रदेशमा विभिन्न ठाउँमा सीमाना मिचिएका कुरा हुन् । यो सबै कुराले के देखाउँछ भने वास्तबमा हाम्रो एउटा ठुलो भूभाग भएको छिमेकी हामी एउटा असल छिमेकीको रूपमा स्वकिार गर्दै आएका छौँ र साँच्ची कै असल छिमेकीको भूमिकामा कहीँ कतै बाटो बिराएको हो कि जस्तो लाग्थ्यो । त्यसकारण अहिले हामी पुनः हाम्रो छिमेकी एउटा असल छिमेकीको रूपमा रहेर हाम्रो भूभागलाई सहज तरिकाले फिर्ता गर्ने वातावरण बनाइदियो भने नेपाली जनता अझै असल छिमेकीको रूपमा स्विकार गर्ने र मान्ने अवस्था हुन्छ । तर यो कता-कता उहाँहरूको प्रस्तुतिले नेपालले भारतको भूमिमा जर्बजस्ती नक्सा बनाएर जुन प्रस्तुत गरेको छ । यो अमान्य छ भन्ने खालको हिजो जुन विभिन्न मिडियाबाट सूचना आएको छ । सार्वजनिक भएको छ । यदि साँच्चै त्यो भूभाग भारतको भइदिएको भए, उसले दुई वर्ष पहिला किन चाहिँ आफ्नो नक्सा जारी गर्दा त्यो समावेश गऱ्यो । त्योभन्दा पहिला किन थिएन । यसले पुष्टि गर्छ र हामीसँग प्रशस्त प्रमाणहरू छन् । त्यसकारण मैले नेपाल सरकारलाई अनुरोध गर्न चाहन्छु अब कुटनीतिक पहलबाट जे-जे प्रक्रिया अपनाउनु पर्ने हुन्छ । त्यो सबै प्रक्रिया अपनाएर, त्यो भूभागलाई सहज तरिकाले अब नेपालले प्राप्त गर्नु पर्छ । यदि कुटनीतिक प्रक्रियाले मात्र भएन भने हाम्रो अन्तर्राष्ट्रिय अदालतमा जानको लागि पनि .......... ( समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय चक्र प्रसाद स्नेही । यसपछि माननीय दिपा गुरुङ ।

**माननीय श्री चक्र प्रसाद स्नेही (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्षज्यू, यतिबेला हामी संविधानको धारा १९ (९) को उपधारा (२) र अनुसूची-३ अन्तर्गत निशान छाप परिवर्तनका निमित्त हामी यो विधेयकमाथि छलफल गरिरहेका छौँ । हिजो मात्र प्रतिनिधि सभाले अभूतपूर्ण ढङ्गबाट यो संविधानलाई संशोधन गरेको छ । म प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दल र आम नेपालीहरूमा हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु र धन्यवाद दिन चाहन्छु । यस्तैगरि यतिबेला यो देशमा हाम्रो पार्टी नेकपाले शासन गरिरहेको छ । यो पार्टीका श्रद्धेय अध्यक्ष सम्माननीय प्रधानमन्त्रीले जुन अठोटका साथ यो कदम अगाडि बढाउनु भएको छ । यो कदमले निश्चिय पनि यो नक्सामा मात्र होइन, उपभोग र चलनभोगका आधारमा पनि त्यो जमिन फिर्ता हुनेछ भन्ने मैले आशा र विश्वास लिएको छु । हामीले धेरै चोटि सीमाका अनेक ठाउँमा लड्नु पर्‍यो । २०४८ सालमा यही सदनबाट प्रेम सिहं धामीले भनेका थिए । कालापानीको बारेमा सिंहदरबार किन सुन्दैन ? अस्ति मात्र महेन्द्रनगरमा गोबिन्द गौतमले सीमा सुरक्षाका निमित्त पहिलो शहादत प्राप्त गरेका थिए । त्यतिबेला पनि सुपलाई सिंहदरबार किन दुख्दैन भनेका थिए । निश्चिय पनि यति बेला उहाँको आत्माको चीर शान्ति पाएको छ र उहाँको आत्माले अनुभूत गरेको छ । सिंहदरबारले मात्रै होइन नेपालले अब सबै सीमाको सुरक्षा गर्ने छ । हामीसँग तमाम प्रमाणहरू हुँदाहुँदै १८१६ को सुगौली सन्धि, २०१५ को आम निर्वाचनको मतदान, २०१८ को राष्ट्रिय जनगणना र त्यहाँका तिरो तिरेका कागजहरूले पनि त्यो भूमि नेपालको हो भनेर हामीसँग तमाम प्रमाणहरू छन् । मलाई अचम्म लाग्छ कि भारतले नेपाललाई छोटे भैया भन्छ । मलाई अचम्म लाग्छ जुन देशले कहिले पनि कसैको अधिनमा बसेन, जो राष्ट्र हिजो मात्र १९४७ मा आजाद भयो । त्यो आजात गर्न नेपाली युवाहरूले बलिदानी दिए । भारतसँग त्यो कल्चर छ भने म प्रष्ट हुन चाहन्छु कि आकारमा कोही देश सानो होला, कोही ठुलो होला विकासमा, कोही सानो होला । नेपाल आकारमा सानो हुँदैमा ऊ भैया हुन्छ भने यदि जन्मिँदा बावुभन्दा छोरा ठुलो भयो भने के भारतले आफ्नो बुवालाई छोटे भैया भन्छ ? यदि त्यस्तै हो भने उसले आफ्नो बुवालाई छोटे भैया भन्छ । त्यसो भएको हुनाले म यतिबेला यो संविधान संशोधनको पक्षमा दृढताकासाथ आफ्ना भनाइहरू राख्दै र यसको पक्षमा दृढ उभिने सङ्कल्प व्यक्त गर्दै भनाइबाट बिदा हुन्छु । हस् त धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय दिपा गुरुङ । यसपछि माननीय खिम कुमार विश्वकर्मा ।

**माननीय श्री दिपा गुरुङ (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, आज खुसीको दिन सीमा सम्बन्धी संशोधन विधेयक, २०७७ दोस्रो संशोधनमा भाग लिन पाउँदा खुसी लागेको छ र म यस सीमा सम्बन्धी संशोधन विधेयकलाई सम्मान र समर्थन गर्न चाहन्छु । अध्यक्ष महोदय, करिब ६ दशक अगाडिबाट आएको सीमा सम्बन्धीको विवाद आज आएर स्पष्ट रूपमा जनता सामु प्रस्तुत भएको छ । हिजोका दिनमा कसले कहाँ के गऱ्योभन्दा पनि हामीले भोलिका दिनमा आफ्नो मिचिएको सीमा र सम्पत्तिलाई नेपालको हकमा लिन आवश्यक छ । यो भूमिको संरक्षण गर्नु हामी सबै नेपालीको कर्तव्य हो । विगतको दिनमा नेपाली माटोको संरक्षण गर्दा कैयौं सपूतले शहादत प्राप्त गरेका छन् । जसमध्ये एक जना गोबिन्द गौतम नै हुनुहुन्छ । उहाँले यही माटोको निम्ति आवाज उठाउँदा भारतीय सेनाले उहाँको छातीमा गोली ठोकेको थियो । आज हामीले यसैको प्रतिफल प्राप्त गरेका छौं । हाम्रो यो गुमेको भूमि लिपुलेक, लिम्पियाधुरा, कालापानी हाम्रै हो । यसमा दुई मत छैन । आज नेपाली जनताको आवाज नेपाल सरकारले अवलम्बन गरेर सीमा रेखालाई स्पष्ट पारेर नक्सा तयार गरेको छ । यो एकदमै राम्रो पक्ष मानिएको छ । नेपाल सरकार प्रधानमन्त्रीज्यू तथा मन्त्रिपरिषद्, भूमि मन्त्री लगायत उहाँको टिमलाई धेरै-धेरै धन्यवाद दिन चाहन्छु । साथै सीमा संशोधनको विषयमा सबै पार्टीहरूको राष्ट्रको निम्ति एक मत र एकतालाई समर्थन सकारात्मक भएकोले, यो ऐतिहासिक एकता हो । यसमा दुई मत नभएको र म उहाँहरूलाई धन्यवाद दिन चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, अब सरकारले बलियो प्रमाण नक्सा, अभिलेख, दस्तावेज सबैलाई छिट्टै सङ्कलन गरी अगाडि बढ्नु पर्छ र कुटनीतिक पहलको आधारमा वार्ता अगाडि बढाउनु पर्छ । नक्सामा जमिन आयो तर हातमा माटो आइसकेको छैन । त्यसैले हामी सबैको आवाज एक मत भएर आफ्नो भूमि नछोडौं र भारतीय सेनालाई छिट्टै फिर्ता गर्न पनि हामी सक्षम होऔं । इतिहासले यो जिम्मा हामीलाई दिएको छ । यो ऐतिहासिक कदम सम्पादन गर्न जुन साहस, आँट नेपाल सरकार तथा सम्माननीय प्रधानमन्त्रीज्यूले लिनु भएको छ । यो इतिहासमा लेखिने छ भन्दै मैले आफ्नो भनाइलाई यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिम कुमार विश्वकर्मा । यसपछि माननीय इन्दु कडरीया ।

**माननीय श्री खिम कुमार विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, आज सम्मानित सदनमा अत्यन्त महत्वपूर्ण जुन ऐतिहासिक दस्तावेजको बारेमा छलफल भइराखेको छ । नेपालको संविधान अनुकूल बनाउन संविधानको अनुसूची-३ मा कालापानी, लिपुलेक र लिम्पियाधुरा जुन अतिक्रमित भूभाग थियो । त्यसलाई समेटेर नक्सा जारी भयो । अतः त्यसलाई वैधानिक रूप दिनको लागि विधेयक आएको छ । विधेयकलाई प्रस्तुत गर्ने नेपाल सरकार, त्यसको नेतृत्व गर्ने सम्माननीय प्रधानमन्त्रीज्यूप्रति म हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहान्छु । यस्तै गरेर यो देशभक्तिपूर्ण राष्ट्रिय

एकतामा सम्पूर्ण राजनीतिक दलहरू, नेपाली नागरिकहरू सबै-सबैमा एकता पैदा भएको छ । त्यसको लागि पनि म हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु र खुसी व्यक्त गर्न चाहन्छु । यो विषयमा धेरै कुराहरू आइसकेको छ । त्यसो भएको हुनाले मैले यो नेपालको भूभाग अन्तर्गत नै रहेको कालापानी, लिपुलेक र लिम्पियाधुरा भनेको नेपालको अभिन्न भूगोल हो । त्यसो भएको हुनाले यो खण्डित हुन सक्दैन भन्ने कुरा जगजाहेर नै छ । यसो हुनु पछाडिको कारण के हो भनेर सैद्धान्तिक हिसाबले नै मैले अलिकति एउटा प्रश्न, एउटा जिज्ञासाको रूपमा उठाउन खोजेको के हो भने हाम्रो छिमेकी राष्ट्र भारतप्रति मेरो एउटा जिज्ञासा रहने छ । त्यो भनेको खासगरेर नेपालप्रतिको उनीहरूको दृष्टिकोण के हो ? आजको बदलिदो युगमा पनि भन्ने कुरा हो । नेहरु डक्ट्रिनको गाइडलाइनबाट आजसम्म पनि उनीहरू चलिराखेको कारणले यो समस्या आइरहेको छ । अबको दिनमा उनीहरूले आफ्नो दृष्टिकोण, नेपालप्रतिको दृष्टिकोण फेर्ने कि नर्फेने ? आजको सन्दर्भमा भन्ने यो अहम् प्रश्न हो । त्यसो भएको हुनाले हामीले दयाले अनि कसैको आश भरोसाले यो माग गरिरहेका छैनौं । हामीले आफ्नो अधिकार सुनिश्चित गर्नको लागि हामीले हाम्रो थुप्रै-थुप्रै योद्धाहरूले, हाम्रा पुर्खाहरूले लडाइँ लडेका हुन् । एउटा स्मरण छ, १८१५ मा तत्कालीन इष्ट इण्डिका कम्पनीले  डिसेम्बर २ तारिकको दिन उनीहरूले एउटा डकुमेण्ट गराएँ, त्यो चाहिँ ड्राफ्ट गराएर नेपाललाई हस्ताक्षर गर भनेर पठाए । त्यो बेलाको शासकहरूलाई पनि मैले त्यति दोष लगाउन्न चाहन्नँ किन भन्दाखेरि ४ महिना पर्खाएइको छ । १९१६ को मार्च ४ तारिकमा मात्रै गुगौली सन्धि भएको छ । त्यसो भएको हुनाले नेपालप्रति, नेपाली शासकहरूको कही कतै भूलवश, अञ्जानवश त्योबेलाको चेतनाको दृष्टिले कमजोरी गरे तापनि देशै बेच्ने किसिमको, देशै बन्दक राख्ने किसिमको गरेका छैनन् । त्यसो भएको हुनाले आजको दिनमा हामीले संविधान संशोधन गरेर यो नक्सालाई वैधानिकता दिने काम त गर्‍यौं तर पनि त्यो भूगोल नेपालको भूगोल हो । हामीले भारतसँग आग्रह गरिरहनु पर्ने, त्यस्तो केही रहन्न । हाम्रो तथ्यको आधारमा, प्रमाणको आधारमा । कुटनीतिकद्वारा, राजनीतिकद्वारा, राजनीतिक संवादको आधारमा, त्यो भूगोललाई फिर्ता गर्नु पर्छ अतिक्रमित भूगोललाई र यो भेगको जनताको आधारभूत आवश्यकतालाई परिपूर्ति गर्नको लागि हामीले आवश्यक व्यवस्थाहरू गर्नु पर्दछ । त्यसो भएको हुनाले आजको दुनियाँमा सुरक्षाको संयन्त्रको ऊ चाहिँ चेन्ज भएको छ । यदि जनतालाई नै त्यहाँको स्वाभिमानको बारेमा, राष्ट्रियताको बारेमा  देशभक्तिपूर्ण भावको विकास गराउन सकिएन भने सेना तैनाथ गर्दैमा सीमानाको रक्षा हुन सक्दैन । अनि स्वतन्त्रता हुन सक्दैन । त्यसो भएको हुनाले आम नेपाली नागरिकलाई स्वाभिमानतामा त्यसमा पनि देशभक्तिपूर्ण स्वाभिमानता मैले यो राष्ट्रियताको कुरा मात्रै गरिनँ । राष्ट्रियताको छुट्टै परिभाषा छ । त्यो एउटा सवालमा छलफल गरौंला । तर देशभक्तिपूर्ण राष्ट्रियता हो । यसमा एकता भएको छ । यसमा दृढताका साथ उभिने, अझै जनसङ्घर्षका धेरै चरणहरू छ । त्यो चरणहरूमा आफू सहभागी हुने, आफ्नो मत दृढताका साथ राख्ने प्रतिवद्धता सहित यो विधेयकको हार्दिक स्वागत गर्दै त्यसलाई पारित गर्नको लागि पनि म आफ्नो भनाइ राख्छु । हस् धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय इन्दु कडरीया । यसपछि माननीय सुमित्रा बि.सी. ।

**माननीय इन्दु कडरीया (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):**- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाबाट सन्देश सहित पारित भई संविधानको धारा ९ को उपधारा (२) अनुसूची-३ मा निशान छाप सम्बन्धी नेपालको संविधानको दोस्रो संविधान विधेयक संशोधन विधेयक, २०७७ यस सम्मानित सदनमा पेश भएको छ । म यो पेश भएको प्रस्तावको पूर्ण समर्थन गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्र र राष्ट्रियता, स्वाधीनता, भौगोलिक अखण्डता र राष्ट्रिय हितको रक्षार्थ नेपाल सरकारले लिएको निर्णय ऐतिहासिक छ र हरेक नेपालीले गर्व गर्न लायक छ । इतिहास साक्षी छ, सन् १८१६ को सुगौली सन्धिले काली नदीलाई नेपाल-भारत सीमा नदी भनी प्रष्ट बालेको छ र यस पूर्वको भूमि नेपाली भूमि हो भन्ने पनि प्रष्ट छ । तर भारतले काली नदीको मुहानको विषयमा बिवाद सिर्जना गरी कृत्रिम काली नदी खडा गरी त्यस क्षेत्रमा भारतीय सेनाको क्याम्प राखी नेपाली भूमि कब्जा गरेको छ । नाबी, कुटी, गुञ्जी, लिपुलेख, लिम्पियाधुरा, कालापानी लगायत मानवीय बस्ती रहेका गाउँहरू समेत गरी ३७२ वर्ग किलोमिटर भूभाग भारतले अतिक्रमण गऱ्यो । वि.सं. १९९०, २००२, २०२२ र जनताले मालपोत तिरेको प्रमाण समेत नेपाली जनतासँग यो सुरक्षित छ । वि.सं. २०१५ मा आम निर्वाचनमा जनताले भाग लिएको, २०१८ सालमा तत्कालीन सरकारले गरेको जनगणना ती गाउँहरूमा समावेश भएकोले पनि यो भूभाग नेपालको हो भन्ने प्रष्टै छ ।

सम्माननीय अध्यक्ष महोदय, सार्वभौमसत्ता सम्पन्न र विश्व मानचित्रमा समेत स्वतन्त्र हाम्रो देश र हामी नेपाली यो संविधान संशोधन पश्चात हाम्रो गुमेको भूमि कुटनीतिक पहलबाट भोग चलन गर्ने गरी साँच्चिकै फिर्ता ल्याउनु पर्दछ साथै आगामी दिनमा नेपालको ध्यान तराईको सीमाना व्यवस्थापनमा पनि केद्रित गर्नु पर्दछ । नेपालमा पूर्वदेखि पश्चिमसम्म नेपाली नक्सा समेटिएको तराईका थुप्रै भूभागहरू नेपाली जनताले भोग चलन गर्न पाएको अवस्था छैन । जमिन भारतीयले कब्जा गरिरहेको अवस्था छ । नेपाली भूभागको रक्षार्थ नेपाली जनताले ज्यान गुमाउन समेत परेको छ । कञ्चनपुरका गोबिन्द गौतम भारतीय एसएसपीको गोली लागि सहिद हुनु भएको कुरा म यहाँ स्मरण गराउन चाहन्छु र म सहिद गोबिन्द गौतमप्रति पनि हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । कालापानी बचाऊँका अभियान्ता स्वर्गीय प्रेम सिंह धामीप्रति पनि म हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र आजको यो ऐतिहासिक दिनमा नेपाल सरकारलाई विशेष धन्यवाद दिँदै नेपालको नक्साभित्र परेका सबै भूभागहरू पनि नेपालीले भोग चलन गर्न पाउने गरी सीमा सुरक्षा व्यवस्थापन मिलाउने गरी कुटनीतिक पहलबाट सीमा बिवाद सँधैका लागि अन्त्य गर्नुपर्छ भन्दै आफ्नो भनाइलाई यही अन्त्य गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सुमित्रा बि.सी. । यसपछि माननीय महेश कुमार महरा ।

**माननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)ः**- सम्माननीय सभाध्यक्षज्यू, आज हामी सम्पूर्ण नेपालीहरू खुशीले गदगद भएका छौँ । यस मानेमा हामी खुशी छौँ, हामी सबैलाई थाहा छ, १८१६ मार्च ३ मा भएको सुगौली सन्धिले तय गरेको हाम्रो सीमा भारतले जबर्जस्त मिचिरहेको र लिम्पियाधुरा र लिपुलेकमा भएका ८ वटा गाउँमध्ये २ वटा गाउँ मात्रै नेपाली गाउँहरूलाई भारतले नयाँ आफ्नो सुविधाहरू दिँदै त्यस्ता खालको उसमा राखेको र जुन २०३२ मा भारतले नेपालको लागि नक्सा जारी गऱ्यो, त्यो नक्साबाट हाम्रो अहिलेको लिम्पियाधुरा, लिपुलेक र कालापानी भएको चुच्चोलाई हराइदिएको छर यसका बारेमा तत्कालीन शासकहरूले जतिबेलामा ब्रिटिशले भारतलाई स्वतन्त्र गर्नुभन्दा पहिला पाकिस्तानलाई एक दिन अगाडि स्वतन्त्र गरेको थियो र त्यतिबेला नेपाली शासकहरूले आफ्नो गुमेको भूमिको बारेमा आवाज उठाउन नसक्दा भारतले त्यसमा आफ्नो अधिकार कायम गरिराख्यो र त्यसको लागि आज नेपाल सरकारले र नेपालमा भएका सम्पूर्ण राष्ट्रिय स्तरका राजनीतिक पार्टीहरूले र नेपाली जनताहरूले जुन एक ढिक्का भएर आवाज उठाइरहेका छन् र आवाज उठाउँदै गर्दा जुन नक्सा, जुन गुमेको भूमि समावेश गरेर जुन नक्सा हामीले समावेश गरेका छौँ र यसलाई हिजो मात्रै प्रतिनिधि सभामा एकताबद्धताका साथ अत्याधिक बहुमतले पारित गरेका छौँ र आज मलाई भरोसा छ र पूर्ण विश्वास छ, हामी पनि यहाँ एक मत, एक ढिक्को भइरहेका छौँ र हिजैदेखि नेपाली जनताहरूले दीपावली मनाइसकेका छन् । त्यसकारणले हामी एकदम आत्मगौरव ठान्दै र राष्ट्रियताका सवालमा आगामी दिनहरूमा पनि एक ढिक्का भइरहने छौँ भन्ने सुभेक्षा राख्दै जुन विधेयक नेपाल सरकारले ल्याएको छ, यसमा आफ्नो पूर्ण समर्थन र प्रतिवद्धता जाहेर गर्दै र यो साहस गर्ने यो सपना देख्ने पार्टीको नेतृत्व र सरकारको नेतृत्व, मन्त्रिपरिषद् लगायतका सम्पूर्णलाई हार्दिक-हार्दिक धन्यवाद व्यक्त गर्दै, आभार व्यक्त गर्दै र नेपाली जनताहरूले मर्न परे पनि आफ्नो भूमि नछोड्ने कसम खाइरहने छन् र नक्सा बनिसकेपछि आधिकारिकता प्राप्त गरिसकेपछि अब त्यो भूमि प्राप्त गर्नका निम्ति र सम्पूर्ण नेपाली जनताहरू एक ढिक्को हुनेछन् र नेतृत्व कुटनीतिक ढङ्गले वार्ता गर्नेछ र यसलाई सहज ढङ्गले भएन भने आवश्यकता पऱ्यो भने अन्तर्राष्ट्रिय अदालतमा पनि जान आँट गर्नेछ र कहिल्यै लट्पटाउने छैन । जुन २०५५ सालमा नेपाली महिला लगायत पैदल यात्रा गएर, कालापानी गएर भारतलाई खबरदारी गरेको कुरो आज हाम्रो साकार हुँदैछ र हामी अब आजदेखि त्यो भूमि प्राप्त गर्ने यात्रामा आधिकारिक रूपले लाग्ने छौँ र सफलता प्राप्त गर्नेछौँ भन्ने भनाइ राख्दै आफ्नो भनाइ टुङ्ग्याउँछु । हवस्, धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय महेश कुमार महरा । यसपछि माननीय रमेश जंग रायमाझी ।

**माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिट पार्टी, नेकपा):-** सम्माननीय अध्यक्ष महोदय, आज हामी नेपालको संविधानलाई संशोधन गर्न बनेको दोस्रो विधेयकमाथि सामान्य सैद्धान्तिक छलफल गरिरहेका छौँ र मलाई लाग्छ, हिजो मात्र सम्मानित प्रतिनिधि सभाबाट बहुमत नभएर सर्वसम्मतिका साथ यो विधेयकलाई पास गरेर आज हाम्रो यो राष्ट्रिय सभामा छलफलमा छौं र मलाई लाग्छ, हिजो हाम्रो नेपालको नक्सामा छुटेका भूभागहरूलाई समेटेर आज जुन नक्सा जारी गर्न अहिलेको सरकार र अहिलेको हाम्रो सरकारको नेतृत्व गरिरहेको सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूले जुन आँट र साहस गर्नु भयो, यसका निमित्त म नेपाल सरकार र सम्माननीय प्रधानमन्त्रीज्यूलाई म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

अर्को कुरा के छ भन्दाखेरि हाम्रो छुटेको भूभाग लिम्पियाधुरा, लिपुलेक र कालापानी हिजो पनि नेपालको नक्सामा थियो र बीचमा गएर यो छुट्न गयो र कसरी छुटायो भन्दाखेरि त्यतिबेलाका तत्कालीन शासकहरूले जुन निरङ्कुश राजतन्त्रका नाइकेका कारणले गर्दाखेरि ती भूभागहरू छुट्न गएका छन् । त्यति बेलाको नेपाल र भारतसँगको सुगौली सन्धि १८१६ लाई हेर्दाखेरि के छ भन्दाखेरि दफा ५ मा पनि स्पष्ट भनिएको छ, लिम्पियाधुराबाट बग्ने काली नदीको पूर्वपट्टिको भाग नेपालको हो र त्यसभन्दा पश्चिमको भाग भारतको हो भन्ने स्पष्ट त्यहाँ हुँदाहुँदै त्यो कुरालाई पनि स्वयम् भारतले मान्दै आएको छ र १८६० सम्म यो कुरालाई भारतले पनि मानेको छ र त्यसपछि गएर जब चीनसँग युद्ध हार्छ र हारिसकेपछि १८६२ मा गइसकेपछि त्यो कालापानी ठाउँमा आफ्नो सेना राख्छ, राखिसकेपछि त्यसपछिका नक्साहरूमा लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई त्यो नक्साबाट हटाइएको कुरा त्यहाँ प्रमाणहरू छन् ।

त्यसो भएको कारणले म के भन्न चाहन्छु भने अध्यक्ष महोदय, त्यो भूमि नेपालको हो र हामीसँग यथेष्ट प्रमाणहरू छन् । भनौं १८१६ को सुगौली सन्धिले पनि स्पष्ट बोल्छ र २०१८ सालको जनगणनाले पनि स्पष्ट बोल्छ, भारततिरको प्रमाणहरू पनि छन् । त्यसो भएको कारणले गर्दाखेरि यो गुमेको भूभागलाई त हामीले नेपालको नक्सामा जारी गर्न सक्यौं । अब यो गुमेको भूभागलाई नक्सामा मात्रै जारी नभएर यो माटोलाई अथवा यो भूमिलाई हामीले चलन भोग गर्नका निमित्त जो हिजो प्रतिनिधि सभामा राष्ट्रिय एकता एउटा भावका साथ एकता देखिएको छ, यो माटोलाई, यो भूमिलाई चलन भोग गर्नसम्मको लागि हामीले यो राष्ट्रिय एकतालाई दृढ राख्नु पर्दछ र हामीले भारतसित भन्नु पर्छ, अब हाम्रो भूमिबाट तिम्रा सेनाहरू फिर्ता लैजाऊ । यदि तिमीले फिर्ता लग्न मान्दैनौं भने हाम्रो इतिहासमा हेर्नु नालापानीमा हाम्रा पूर्खाहरूले लडेका छन्, खुकुरी र एउटा बन्दुकको भरमा जसरी ब्रिटिश साम्राज्यसँग लड्यो, अब तपाईंहरूसँग लड्न हामी तयार छौं भनेर यो राष्ट्रिय एकता टुट्नु हुँदैन । हामीले लड्न तयार पनि हुनु पर्दछ । यदि मान्छ भने कुटनीतिक तहबाट समस्याको हल गर्नु पर्दछ । यदि मान्दैन भने यसलाई अन्तर्राष्ट्रियकरण गर्ने । त्यति मात्रै होइन, यति त्यसले पनि मान्दैन भने त्यो भूमिका निमित्त, त्यो नेपाल आमाको भूमिमाथि जो उसले गिद्धे नजर राखेर परेड खेलिरहेको छ, त्यसका लागि अब हामी

सबैले राष्ट्रिय एकताका साथ त्यो कालापानीमा गएर लड्न तयार हुनु पर्दछ भन्ने कुरा राख्दै यो संशोधन विधेयकको म समर्थन गर्दै आफ्नो कुरा यहीँ अन्त्य गर्दछु । हवस् त अभिवादन ।

**सम्माननीय अध्यक्षः-** माननीय रमेश जंग रायमाझी । यसपछि माननीय परशुराम मेघी गुरुङ्ग ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले जुन नेपालको संविधान २०७२ अन्तर्गतको दोस्रो संशोधन विधेयक ल्याएको छ, यसलाई मेरो पार्टीको, नेपाली काँग्रेसको केन्द्रीय समितिले सर्वसम्मत निर्णय गरेको छ र नेपाली काँग्रेस संसदीय दलको तर्फबाट पनि हामीलाई निर्देशन जारी छ । त्यसकारले हामी यो प्रस्तावको पक्षमा उभिएको छौँ ।

सम्माननीय अध्यक्ष महोदय, हामी भारतसँगको सम्बन्धको कुरा गर्छौं र हामीले मान कि नमान, म तेरो महिमान भने जस्तै हामी आफै गरिरहेका छौँ । २०४८ सालदेखि २०७७ सालसम्म धेरै वटा परिवर्तन पछाडि सरकारहरू बने । ती सरकारहरूले कहिल्यै पनि आफ्नो कुराहरू भारतसँग कहिल्यै पनि आफ्नो कुरा प्रष्टसँग राख्न सकेन । केही कुरामा सम्झौता गर्दै जाने, केही कुरामा आफ्नो भ्रमण सफल बनाउने अनि आफ्नो भ्रमण सफल भयो भनेर एउटा जम्बु टोली लिएर गएको जम्बु टोली फर्किने मात्र भयो, बिगतमा । त्यसकारणले हामीले हाम्रो कुरा प्रष्ट राखेनौँ । हामीले के भन्यौँ भने हामीलाई हिन्दुस्तानले तिमीहरू हाम्रो छोटो भाइ हौ, हामी तिमीहरूको बडे भाइ हौँ, हाम्रो सम्बन्ध यो छ भनेर भन्यो । उसले मानेको छ कि छैन, हामी आफै छोटे भाइ हुने प्रयास गर्‍यौँ । त्यसको ज्वलन्त उदाहरण जनकपुरको घटनालाई म सम्झिन चाहन्छु, स्मरण गर्न चाहन्छु । हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यू, आफ्नो राष्ट्रियताको पोसाक लगाउन छोडेर मोदीले जस्तो बस्त्र लगाउनु भएको थियो, त्यही बस्त्रमा उहाँ सजिनु भयो । हिन्दुस्तानले स्वीकार्‍यो कि स्वीकारेन, भारतले स्वीकार्‍यो कि स्वीकारेन, हामी छोटे भाइ हौँ भनेर । तर त्यही बस्त्र लगाएर हामी छोटे भाइ बन्न कोशिस गर्‍यौँ । हामी छोटे भाइ होइनौँ, हिन्दुस्तानको । हामी हिन्दुस्तानको सम्धी हौँ भन्न सक्नु पर्थ्यो । सम्धीले सम्धीलाई सम्मान बराबरको सम्मान दिनु पर्दछ भन्न सक्नु पर्थ्यो हामी । हामी आज संसारभरि हाम्रा चेलिबेटीहरूको बिबाह भएका छन् । संसारभरिका चेलिबेटीहरू हाम्रो देशमा आएका छन् । त्यस्तै हिन्दुस्तानमा पनि हाम्रो चेलिबेटीहरूले बिवाह गरेर गएका छन् र उताका चेलिबेटीहरू पनि हाम्रो नेपालमा आएका छन् । त्यसकारण हामी सम्धी हौँ, सम्धीकै हैसियतमा हामी बस्न चाहन्छौँ र बराबर हैसियतको सम्धीसम्धी भन्ने हाम्रो हैसियत हामीले देखाएनौँ । कुनै पनि सरकारले देखाएन ।

त्यसकारणले मेरो जुन अहिले आयो यसलाई मैले एउटा नेपाली जनताको जुन हामी चाहिँ कस्तो भयौँ भने बारुला जस्तो भयौँ । बारुला अरिङ्गाल हुन्छ नि त्यो गोलामा ढुङ्गा हानेपछि मात्रै त्यो चम्किन्छ । जब हामीले ८ महिना अगाडि इण्डियाले बाटो खन्यो, अनि

हामीले त्यहाँबाट लिम्पियाधुरा र लिपुलेकलाई हामीले सम्झियौँ । त्यतिले मात्रै भएन, सम्माननीय अध्यक्ष महोदय, बाटो खोलिसकेपछि हामी ताातेनौँ । राजनीतिक पार्टीले सर्बसम्मति रूपमा सरकारले भन्यो, तुरुन्तै यसको समस्याको समाधान निकालोस्, कुटनीतिक प्रयासबाट र सरकार त्यसमा असफल भइरहेको अवस्था थियो । तर हामीले के गर्‍यौं भने जब भारतका रक्षा मन्त्रीले यसको उद्घाटन गरे अनि हामी झस्कियौँ । अनि मात्र हामी तातियौँ । जहिले पनि हामीले कुरा उठाउने तर समस्याको समाधान अन्तिमसम्म पनि नखोज्ने कारणले हामीले यो दुःख पाएको हो । आज जुन स्थिति आएको छ, त्यसको लागि म यसको स्वागत गर्छु । मेरो पार्टीको तर्फबाट पनि स्वागत गर्छु । विशेष गरेर हिजो प्रतिनिधि सभाबाट जुन २५८ जना उपस्थित माननीयज्यूहरूले एक मतले सबै पार्टीहरूले एउटै आवाज हस्ताक्षर गरेर नेपालको संविधानमा परिवर्तन गर्ने कुरा गर्नु भयो ती माननीयज्यूहरू सबैलाई, ती पार्टी सबैलाई बधाई दिन चाहन्छु र नेपालका सबै नेपाली जनताहरूलाई बधाई दिन चाहन्छु र हाम्रो अझै काम बाँकी छ । अन्तिम हाम्रो काम अझै जुन हामीले संविधानमा संशोधन गर्छौं, त्यतिले मात्रै पुग्दैन । हामीले प्राप्त गर्नुपर्ने जमिनहरू, हामीले लिनु पर्ने जुन जमिनहरू छ, कालापानी भनेको महाकाली नदी हो । यहाँ भ्रम नहोस् । माहाकाली नदीको माथिको भागलाई कालापानी भनिन्छ । त्यो सीमाना हाम्रो अहिले पनि हो । त्यसकारण भ्रम परिरहेको छ । कालापानी भनेको कता हो ? कालापानी अर्को खोल्सा हो कि भन्ने कुरा छ, त्यस्तो होइन । त्यसकारण पनि त्यो कालापानी जुन लिपुलेक र लिम्पियाधुरा छ, यो हाम्रो भूमिमा हाम्रो सफल कुटनीतिक प्रयासबाट सफलता प्राप्त गर्न सकौं भनेर शुभकामना दिँदै आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय परशुराम मेघी गुरुङ्ग ।

**<u>माननीय परशुराम मेघी गुरुङ्ग (नेपाल कम्युनिष्ट पार्टी, नेकपा):</u>**- सम्माननीय अध्यक्ष महोदय, आज हामी आफ्नो भूमिमाथिको फेरि एक पटक संवैधानिक स्वामित्वको लागि हाम्रो आफ्नो भौगोलिक अखण्डतामाथि हाम्रो संवैधानिक स्वामित्वको लागि जुन विधेयक प्रस्ताव आज प्रस्तुत भएको छ, साँच्चि नै हरिभक्त कटवालज्यूले भन्नुभए जस्तै एक जुगमा एक दिन आउँछ भने जस्तै यो प्रस्तावमाथिको छलफल र यसलाई पारित गरिरहेको दिन यस्तै एउटा दिनको सम्झना आएको छ र यसको निम्ति खासगरिकन देश भक्तिपूर्ण जुन उत्साहका साथ देशभक्तिपूर्ण जुन भावनाका साथ काम गरेर, जनस्तरमा काम गरेर विज्ञहरूको तर्फबाट काम गरेर पत्रपत्रिकाहरू मार्फत् पत्रकारहरूले काम गरेर, राष्ट्र सेवकहरूले काम गरेर सिङ्गो यो नेपालको संसद र सरकारलाई यो काम गर्नको निम्ति अभिप्रेरित गर्‍यो, यो ठाउँमा ल्यायो, म उहाँहरू सबैप्रति फेरि पनि आभार व्यक्त गर्न चाहन्छु । धन्यवाद व्यक्त गर्न चाहन्छु ।

अध्यक्ष महोदय, हामी यो प्रस्तावमा हाम्रो सत्यतामाथि हामीले टेकेका छौं । हाम्रो आधार सत्यतामा आधारित छ । हामी यसलाई यसै पनि हाम्रा सत्यताका आधारहरूलाई छोट्करी रूपमा यसो सोच्ने हो भने पनि सन् १८१६, १८१९, १८२७, १८३०, १८५६, १८६० का जो नक्साहरू हुन् र त्यो सँगसँगै तत्कालीन ब्रिटिश-इण्डियाका पदाधिकारीहरूले नेपाल स्थित ब्रिटिश राजदुतावासलाई जुन सीमा सम्बन्धी परिपत्र गरेको प्रमाण हो, यी सबै प्रमाणहरूलाई वास्तवमा यो भूमि नेपालको भएको जाहेर गर्दछ । त्यस्तै गरेर काली नदी वारिका जो क्षेत्रहरू हुन्, त्यहाँ तिरो तिरेको मालपोटको प्रमाण, त्यस्तै १९६१ र १९७९ मा भएको सीमा सम्झौतामा चाइना र नेपालको बीचको भएको सीमा सम्झौतामा त्रीदेशीय बिन्दुको रूपमा लिपुलेक भञ्ज्याङ्गलाई जो कायम गरेको छ, यो पनि आफैमा एउटा प्रमाण बोलिरहेको एउटा अवस्था छ । खालि १९६२ पछाडि चीन र भारतबीचको जो युद्ध भएको थियो त्यो युद्ध पछाडि मात्रै वास्तवमा इण्डियाका सेनाहरू त्यस क्षेत्रमा गएर पाल टाँगेर बस्ने काम गर्दैगर्दै त्यो क्षेत्रलाई अकुपाइड गर्ने काम गरेर आइरहेको छ र खास गरेर नेपाल र भारतका संयुक्त सीमा टोलीहरूलाई त्यस पछाडि मात्रै त्यो सीमा क्षेत्रभित्र प्रवेश गर्न नदिएर आफ्नो अकुपेन्सीलाई कायम गर्न भारतले खोजिरहेको छ र हामीले आज यो प्रस्तावलाई अगाडि बढाउँदै वास्तवमा फेरि पनि पारित गरिसकेपछि पनि जनस्तरबाट ४ किसिमबाट काम गर्न अझै पनि जरुरी छ । फेरि पनि जनस्तरबाट पहल हुन जरुरी छ । प्राविधिक स्तरबाट काम हुन जरुरी छ । कुटनीतिक स्तरबाट पहल हुन जरुरी छ । राजनीतिक स्तरबाट हाम्रो पहल र प्रयासलाई जारी राख्न जरुरी पर्दछ र हामीले यो भूमिलाई फिर्ता गर्ने कामलाई त्यो भूमिबाट त्यो भारतलाई हटाउनको निम्ति हामीले दुई वटा कुरामा बहुत ध्यान दिनु पर्दछ । एउटा कुरा भनेको Working Map हो । जो Working Map हो, सुगौली सन्धि आसपास भएका म्यापलाई नै वास्तवमा हामीले Working Map का निम्ति प्रयोग गर्नु पर्दछ, नेपाल सरकारको तर्फबाट । त्यस्तै गरेर त्यो क्षेत्र एउटा रणनीतिक महत्वको भएको हुनाले त्यो क्षेत्रलाई वास्तवमा कुनै पनि शक्तिलाई कुनै पनि मुलुकलाई प्रयोग गर्न दिने कुरामा चाहिँ कसैलाई पनि नदिने कुरामा नेपालले इन्स्युर गर्नु पर्दछ, सम्बन्धित पक्षलाई । यसरी दुई वटा कुराहरूलाई ध्यानमा राखेर हामीले यो ४ किसिमका कामहरू गरेर हामी अगाडि गयौं भने मलाई लाग्छ, झुटो टिक्दैन, सत्य डुब्दैन भन्ने कुरा स्थापित हुन्छ । अध्यक्ष महोदय, यो कुरा तत्कालीन भारतीय प्रधानमन्त्रीले स्वीकार गरेको कुरा हो । मैले साँचो डक्दैन भन्ने कुरा गरिरहँदाखेरि कि तत्कालीन भारतीय प्रधानमन्त्री आई.के. गुजरायल जतिबेला उहाँ प्रधानमन्त्री हुनुहुन्थ्यो, उहाँ नेपाल भ्रमण आएको बेलामा उहाँले सम्बोधन गर्नुहुँदाखेरि भन्नु भएको कुरा के हो भने प्राविधिक प्रतिवेदनले नेपालको भूमी हो भन्ने त्यो ठाउँ भएमा हामी त्यहाँबाट हट्ने छौं भन्ने उहाँको अभिव्यक्ति हो । यो भनेको सत्यसँग झुक्ने कुरा हो अथवा सत्यलाई सम्मान गर्ने कुरा हो । यसो भएको हुनाले अध्यक्ष महोदय, मलाई लाग्छ कि वास्तवमा यस हिसाबबाट नै त्यो दिन पक्कै एक दिन आउने छ, जुन दिन भारतीय सेनाहरू हाम्रो नेपालको भूमिबाट हटिसकेको हुनेछ । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमायाँ तुम्बाहाङफेलाई छलफलमा उठिरहेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँदछु ।

**माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेः-** सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधान (दोस्रो संशोधन) २०७७ को विधेयकमाथि सम्मानित सदनमा माननीय सदस्यहरूले आफ्नो महत्वपूर्ण भनाइहरू राख्नु भएको छ । यहाँहरूले महत्वपूर्ण कुराहरू उठान गर्दै हामीले त्यो भूभाग हाम्रो नक्साभित्र समेट्नु पर्दछ भन्ने आफ्नो भनाइहरू राख्नु भएको छ । तसर्थ सम्पूर्ण माननीय सदस्यहरूलाई म सम्माननीय अध्यक्षज्यू मार्फत् धन्यवाद दिन चाहन्छु ।

हामीले अर्थात् संघीय संसद प्रतिनिधि सभाबाट हिजो मात्रै अर्थात् २०७७ साल जेठ ३१ गते यो नेपालको संविधान दोस्रो संशोधन, २०७७ लाई हिजो मात्रै हामीले सर्वसम्मत ढङ्गले पास गरेका छौं । राष्ट्रियताको सवालमा नेपाली राजनीतिक दलहरू एक ठाउँमा हुन्छन्, एक ठाउँमा होमिन्छन् भन्ने कुरा हिजो पुष्टि भएको छ । सबै राजनीतिक दलहरू यहाँ अर्थात् प्रतिनिधि सभामा रहेका प्रमुख प्रतिपक्ष दल, प्रतिपक्ष दलहरू समेतका सबै माननीय सदस्यहरूले यो नेपालको संविधानको दोस्रो संशोधन २०७७ लाई समर्थन गरेको अवस्था छ र सबैको आवाज एउटै थियो । त्यो लिम्पियाधुरा, लिपुलेक, कालापानी हाम्रो भूभाग हो । हामीले हाम्रो नक्सामा समेटेर जुन नेपाल सरकारले अगाडि बढाएको छ, त्यो नक्सालाई समर्थन गर्छौं भन्ने खालका कुराहरू उठेको थियो र यसले के देखायो भने इतिहासमा दर्ज भइसक्यो, नेपालमा राष्ट्रियताको सवालमा सबै दलहरू एक ठाउँमा थियौं, हुनेछन्, हुँदा रहेछन् भन्ने कुरा यो सम्पूर्ण नेपाली जनताको अभिमत थियो । प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलहरूले सबै जनताले प्रतिनिधित्व गरेको आवजलाई त्यहाँ प्रस्तुत गरेको अवस्था थियो । यसरी सबै दलहरू, सबै नेपाली जनताहरू एकजुट भइरहेको अवस्थामा हामीले हिजो मात्रै प्रतिनिधि सभाबाट यस प्रस्तुत विधेयकलाई पारित गरेका थियौं । यो पारित भइसकेपछि यहाँहरूले पनि सुन्नुभयो । विभिन्न मिडियाहरू, विशेष गरेर भारतीय मिडिया, त्याहाँ हामी प्रतिनिधि सभामा यो पारित गरिरहेको अवस्थामा प्रतिक्रियाहरू मैले सुनेको थिएँ, यहाँहरूले सुन्नुभयो होला । त्यहाँ प्रतिक्रिया दिनेमध्ये एउटा प्रतिक्रिया म यहाँहरूलाई स्मरण गराऊँ । नेपाल र भारतबीचको जुन अन्तरसम्बन्ध थियो, त्यो अन्तरसम्बन्धलाई नेपालको प्रतिनिधि सभाले जुन आफ्नो निशान छापभित्रको अङ्कित नेपालको नक्सा त्यहाँ राखिरहँदाखेरि यसले वार्ता उल्लङ्घन भयो भन्ने खालको अभिव्यक्तिहरू यो सन्दर्भबाट त्यहाँ कमेन्ट गरेको अवस्था देखियो । यसो भनिरहेको सुन्दाखेरि हामीले के भनिरहेका छौं, के सोचिरहेका छौं भने एक देश र अर्को देशको बीचको

मित्रता सुमधुर हुनुपर्दछ र हामी भारत मित्र राष्ट्रसँग हामी सुमधुर सम्बन्ध राख्न चाहन्छौँ र राखेका छौँ । यसो भनिरहँदा हामी नेपाली एउटा स्वतन्त्र राष्ट्र, स्वतन्त्र देश हो । भूगोलले हामी सानो छौँ, त्यो हामी मान्छौँ । जनसङ्ख्याको हिसाबले हामी सानो छौँ । त्यो पनि मान्छौँ । तर राष्ट्रियताको सवालमा त्यो मुलुक र यो मुलुकको बीचको समान छ । त्यसैले हामी भारतभन्दा सानो होइन, भारतकै हैसियतमा अर्थात् भारत जुन मुलुक हुँ अथवा देश हुँ भनेर भनिरहेको छ, हामी पनि त्यस्तै हो । त्यसैले यस्ता टिप्पणीहरूले मित्र राष्ट्रहरूको बीचमा जुन सम्बन्ध हुन्छ, त्यो सम्बन्धमाथि प्रश्न चिह्न खडा गर्छ भनेर मित्र राष्ट्रहरूले पनि बुझ्दा राम्रो हुन्छ । र हामीले हाम्रो आन्तरिक कुराहरू, संविधान संशोधन गर्ने कुराहरू हाम्रो आन्तरिक कुरा हो । अर्थात् यो मुलुकभित्रको हाम्रो अधिकारको कुरा हो । योभित्रको कुनै मुलुकले बोल्नु पर्छ भन्ने हुन्न । हामी आफ्नै ढङ्गले चल्न सक्छौँ, हामीले हाम्रो संविधान संशोधन गर्ने हाम्रो आफ्नो अधिकारको कुरा हो । त्यसैले मित्र राष्ट्रले यस्तो विषयमा टिप्पणी नगर्दा राम्रो हुन्छ र हामीले हाम्रो कुरा गरिरहँदाखेरि कोहीकोही माननीय सदस्यहरूले कुरा गरेको सुन्दाखेरि हामीले हाम्रो नक्सा परिमार्जन गरिरहँदाखेरि छिमेकी मुलुकले पनि सोध्नु पर्दछ भन्ने आशयबाट अभिव्यक्ति दिएको पनि पाइयो र त्यतिबेला हामीले के भनेका छौँ भने हामीले हाम्रो मुलुकभित्रको हाम्रो कुरा, हाम्रो आन्तरिक कुरामा कुरा गरिरहँदाखेरि मित्र राष्ट्रलाई सोधेर गर्नुपर्छ भन्ने होइन । हामी आफ्नै ढङ्गबाट गर्न सक्छौँ ।

सम्माननीय अध्यक्ष महोदय, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न संविधान सभाबाट पारित भई जारी भएको नेपालको संविधानलाई राज्यको आवश्यकता, जनचाहना बमोजिम संशोधन र परिमार्जन गर्दै लैजाने अभिप्रायले २०७२ साल फागुन १६ गते नेपालको संविधानमा पहिलो संशोधन भएको कुरा यहाँहरूलाई म स्मरण गराउन चाहन्छु । आज हामी दोस्रो संशोधनमा पुगेका छौँ । हाम्रो संविधान लिखित संविधान हो । जुन संशोधनीय छ भन्ने कुरा पनि छ र हाम्रो संविधानमै व्यवस्था गरिएको छ । हामीले हामीलाई आवश्यकता परेको अवस्थामा यी संविधानका धाराहरूमा हामी संशोधन गर्न सक्छौँ भन्ने कुरा संविधानमै व्यवस्था गरिएको छ । यद्यपि संविधानको धारा २७४ को उपधारा (१) मा उल्लेख भएको नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमिकता प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन भन्ने कुरा पनि उल्लेख गरिएको छ । तर हाम्रो अहिले यो जुन दोस्रो संशोनको कुरा हामीले गरिरहेका छौँ यो हामीले अहिले जुन संविधानको २७४ को उपधारा (१) सँग जोडिएको अथवा विषयसँग जोडिएको विषय होइन । तसर्थ नेपालको संविधानको अन्य धाराको अधिनमा रहेर मात्रै संविधानको कुनै धारा तथा अनुसूचीलाई संशोधन वा खारेज गर्न सकिन्छ भन्ने कुरा संविधानमै व्यवस्था गरिएको छ । त्यसैले नेपालको संविधानको उक्त संवैधानिक व्यवस्थालाई आत्मसात गर्दै नेपालको संविधानलाई दोस्रो संशोधन गर्ने उद्देश्यले नेपाल सरकारले प्रतिनिधि सभामा यही २०७७ जेठ १८ गते नेपालको संविधान दोस्रो संशोधन २०७७ को विधेयक प्रस्तुत गरेको थियो । सोही अनुरूप हामीले प्रतिनिधि सभामा गहन छलफल गरेर

हिजो हामीले पास गरिसकेका छौँ । यही पास गरिसकेपछि त्यो सन्देश सहित यहाँ राष्ट्रिय सभामा यो कुराको बीचमा हामीले छलफल गरिहेका छौँ । यो छलफल गर्ने सन्दर्भमा माननीय सदस्यहरूले आफ्नो गहन विचारहरू राख्नु भयो । यस सन्दर्भमा तपाईंहरूले अझै हाम्रा राष्ट्रियताका सवालहरूमा आफ्नो कुराहरू राख्ने सन्दर्भमा यहाँहरूको भनाइहरूले नेपाल सरकारप्रति अझ थप उर्जा प्रदान गरेको छ, साहस प्रदान गरेको छ । यसर्थ म सम्पूर्ण माननीय सदस्यहरूलाई उर्जा थप गर्नु भएकोमा साहस प्रदान गर्नुभएकोमा म धन्यवाद दिन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, हुन त यस छलफलमा भाग लिनुहुने माननीय सदस्यज्यूहरूले कुराहरू राखिरहँदाखेरि जुन अहिले यो संविधान संशोधनको पनि संविधानको धारा ९ को उपधारा (२) को अनुसूची-३ को अनुसूचीभित्रको पनि निशान छापको पनि भित्र नेपालको नक्सा जसमा लिम्पियाधुरा, लिपुलेक, कालापानी समेटेको नक्सा मात्रै हामीले चलाएका छौँ अरु निशान छापभित्र भएका कुनै पनि कुरालाई हामीले चलाएका छैनौँ । तपाईं हामीहरूलाई थाहा छ, हाम्रो निशान छापभित्र लालिगुँरास यहाँहरूले हेर्नुहुन्छ, दुईतिरबाट लालिगुराँसको एउटा लामो माला जस्तो देखिएको छ । त्यहाँ दुई वटा हात मिलाएको जस्तो देख्नु भएको छ । एउटा हात चुरा लगाएको जस्तो देखिन्छ, अर्को हात लाएको छैन । सम्भवतः महिला र पुरुषको हात एकदम हात मिलाएको जस्तो देखिन्छ । त्यस्तै अर्को नेपालको नक्सा छ, त्यहाँ । त्यसपछि गहुँको बाला जस्तो देखिन्छ, झण्डा छ । झण्डामा चन्द्रसूर्य अङ्कित छ, हिमाल, पहाड, तराई छ । सबभन्दा मुनि "जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी" लेखिएको छ । यहाँभित्र रङ्ग फरकफरक छ । त्योमध्ये पनि हामीले चलाएको भनेको नेपालको नक्सा, नेपालको नक्सा पनि त्यो अघि मैले भनेँ कालापानी, लिपुलेक, लिम्पियाधुरा समेटिएको जुन अहिले हामीले चुच्चो परेको ठाउँ देखाइरहेका छौँ । त्यो ठाउँलाई मात्रै देखाइरहेका छौँ बाँकी हामीले नेपालको नक्साभित्र जुन सीमालाई पनि हामीले कहीँ पनि चलाएका छैनौँ । तसर्थ त्यो निशान छापभित्रको पनि नेपालको नक्सालाई हामीले चलाएका छौँ । यस सन्दर्भमा पनि माननीय सदस्यहरूले धेरै कुराहरू उठान गर्नु भएको छ, धेरै कुराहरू उठाउनु भएको छ । जसले गर्दा हाम्रो भूमिलाई अर्थात् जुन हामीले हाम्रो नक्सामा राख्नु पर्ने थियो, राखेका थिएनौं, अहिले राख्यौं र त्यसलाई हामीले नक्सामा मात्रै होइन कि भूमि नै हामीले ल्याउनु पर्छ भन्ने खालको जुन आफ्नो भनाइहरू राख्नु भएको छ, यो कुराहरूमा हामी सहमत छौँ र हामीले खोजेको पनि हाम्रो भूभाग फिर्ता ल्याउनु नै हो । त्यो नेपालको नक्सा बनाएर जारी गर्ने मात्रै होइन कि त्यो भूभाग नै हामीले फिर्ता लिएर आउने भन्ने नै हो । तसर्थ यस विषयमा यहाँहरूको सबैको गहन विचारहरू आएको छ । यसलाई हामी सम्मान गर्छौं र यस्ता कुराहरू उठान गरी रहँदाखेरि हामीले हाम्रो राष्ट्रियताको सवालमा कुरा उठाएका छौँ । सबैले, सबै दलहरू एकजुट भएको अवस्थामा भइरहेको देख्दाखेरि यहाँहरूले खुशी व्यक्त गर्नु भएको छ । तपाईं हामी मात्रै खुशी छैनौँ सिङ्गो मुलुक खुशी भएको छ । सम्पूर्ण नेपाली जनताहरू खुशी भएका छन् । हाम्रा नेपाली जनताहरू मात्रै नभएर विश्वका अन्य मुलुकका जनताहरू पनि कम्तीमा पनि नेपालीहरू नेपालभित्र आफ्नो राष्ट्रियताको कुरा गर्दाखेरि दल फरकफरक भए पनि सबै दल

एकजुट हुँदा रहेछन्, यो उदाहरण राम्रो हो भन्ने खालको कुराहरू संसारमा हिजो त्यो दर्ज भएको छ । त्यसैले यहाँहरूले त्यतातर्फ पनि इङ्गित गर्दै धेरै कुराहरू राख्नु भएको छ । यसको निम्ति पुनः धन्यवाद दिन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय हित, लोकतन्त्र, अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक आन्दोलनलाई संविधानको माध्यमद्वारा साकार पार्नु पर्ने महत्वपूर्ण जिम्मेवारी नेपाल सरकारमा रहेको छ । यहाँ हामीले कुरा गरिरहँदा अर्थात् माननीय सदस्यहरूले कुरा गरिरहँदाखेरि अहिले जुन यो नक्साको कुरा गर्दैछौं, संविधान संशोधनका कुराहरू गरिरहेका छौं, त्यसको पनि निशाना छापभित्रको नेपालको नक्साको परिमार्जनको कुराहरू गरिरहेका छौं । यसलाई मैले अहिले धेरै लामो इतिहास बोकेर यो खण्डसम्म आइपुगेको अवस्था छ । यो नेतृत्व गर्ने ठाउँमा नेपाल सरकार रहेको छ र त्यसलाई सहयोग गर्नको निम्ति नेपाल सरकारले जे आफ्नो कुराहरू अगाडि ल्याएको छ । त्यो कुरालाई सहयोग गर्नको निम्ति कुनै पनि दलहरूले अर्थात् प्रमुख प्रतिपक्ष दल, प्रतिपक्ष दलहरूले हामी फरक विचारका हौं भन्ने खालको अनुभूति कहीं पनि प्रस्फुटन हुन दिनु भएन । यो राम्रो पक्ष हो । त्यसैले नेपाल सरकारले ल्याएको जुन प्रस्ताव छ, त्यसमा हामी बिनासर्त सरकारले ल्याएको प्रस्तावमा हामी समर्थन गर्छौं भनेर माननीय सदस्यहरूले दलको प्रतिनिधित्व गर्दै यहाँहरूले भनिरहनु भएको छ । यो राम्रो पक्ष हो । जसले गर्दाखेरि नेपाल सरकारले हालै नेपालको अध्याधिक राजनीतिक तथा प्रशासनिक नक्सा स्वीकृत गर्ने नेपालको वास्तविक सीमा अनुरूपको नक्सा प्रकाशन गरेको हुनाले नेपालको संविधानको अनुसूची-३ को निशान छापभित्रको अङ्कित नेपालको नक्सालाई वास्तविक सीमा अनुरूप मिलाउने अभिप्रायले मात्र नेपालको संविधानको दोस्रो संशोधन, २०७७ यस सदन समक्ष पेश भएको कुरालाई यहाँहरूले समर्थन गरेर अगाडि बढ्नु भएको छ । यही सन्दर्भमा, आफ्नो विचार राख्ने सन्दर्भमा यहाँहरूले केही अरु कुराहरू पनि जोड्नु भएको छ । तर अहिले नेपालको संविधानसँग जोडिएर अरु कुराहरू आए तापनि अहिले हामीले संविधान संशोधनको पनि निशान छापभित्रको पनि नेपालको नक्सालाई परिमार्जन गरेर त्यहाँ संविधानतः त्यहीँभित्र राख्ने संविधानले चिन्ने बनाउने भन्ने कुरामा हामी एक ठाउँमा उभिएको कारणले त्यो एउटा मात्रै संशोधन प्रस्ताव भएको कारणले गर्दाखेरि अरु विषयहरूमा तपाईंहरूले कुराहरू उठान गर्नु भएको छ । यस विषयमा आगामी दिनमा हामी फेरि छलफल गर्ने त्यस्तो खालको वातावरण हुन सक्छ । त्यतिबेला हामी छलफल गरौंला । यहाँहरूले जे कुरा गर्नु भएको छ, म फेरि दोहोर्‍याएर भन्छु । यो भूभाग हाम्रो हो । यो भूभाग हामीले फिर्ता ल्याएर आउनु पर्छ, आउँछौं र यहाँहरूले भन्नु भएको जस्तै नक्सामा मात्रै होइन हामीले त्यो भूभागलाई हामीले भोग चलनमा ल्याउनु पर्छ भन्ने जुन तपाईंहरूले यो आशयबाट अभिव्यक्ति दिनु भएको छ, यसलाई हामी स्वीकार्छौं र हामीले अर्थात् नेपाल सरकारले गर्ने भनेको त्यो भूभागलाई भोग चलनमा ल्याउने । यसको निम्ति यहाँहरूको धेरै कुराहरू आएको छ । हामीले सप्रमाण जान्छौं र यहाँहरूले चिन्ता व्यक्त गर्नु भएको छ, यो सीमा समस्यालाई समाधान गर्नको निम्ति हामीले कुटनीतिक वार्ताबाट गरिनु पर्दछ भन्ने जुन सम्पूर्ण माननीय सदस्यले आफूले भन्ने बेलामा, आफ्नो कुरा राख्ने बेलामा भन्नु

भएको छ । त्यसैले म यहाँहरूलाई के विश्वस्त गराउन चाहन्छु भने यो कुटनीतिक वार्ताद्वारा नै यो समस्या समाधान गर्नु पर्दछ । त्यसैले यो विषयमा हामीले कसरी जाने भन्ने विषयमा होमवर्क गर्न जरुरी छ र हामी कसरी प्रस्तुत हुने भन्ने विषयमा हामी होमवर्क गर्छौं र त्यसरी नै हामी अगाडि बढ्न चाहन्छौं ।

अन्तिममा यहाँहरूले आफ्नो महत्वपूर्ण भनाइहरू राख्नु भएको छ र सम्पूर्ण माननीय सदस्यहरूलाई सम्माननीय अध्यक्ष महोदयको माध्यमद्वारा सम्पूर्ण माननीय सदस्यलाई पुनः धन्यवाद दिँदै आफ्नो भनाइ यहीँ टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमायाँ तुम्वाहाङफेले पेश गर्नु भएको प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको बिपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि संशोधन राख्न चाहनु हुने माननीय सदस्यहरूले राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्तावको दर्ता गर्न सक्नु हुने व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब अर्को बैठक २०७७ साल असार १ गते सोमबार बिहान ११:०० बजे बस्ने गरी यो बैठक स्थगित गर्दछु ।

(तदनन्तर अर्को बैठक २०७७ साल असार १ गते सोमबार बिहान ११:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो ।)

**अन्त्यः दिनको २:०० बजे ।**